Educational Journal
May, 2026, Volume-5, Issue-I
DOI: https://doi.org/10.3126/ej.v5i1.95856
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# गुणात्मक अनुसन्धानमा वैद्यता सुनिश्चित गर्ने मापदण्डहरूको समीक्षात्मक विश्लेषण

*डा. राजेन्द्रकुमार शाह*
सहप्राध्यापक, शिक्षाको आधार विभाग
त्रिभुवन विश्वविद्यालय,सानोठिमी क्याम्पस, सानोठिमी
*drrajendrakumarshah@gmail.com*
ORCID iD: 0000-0003-0533-1338
Scopus Author ID: 58555155900
WOS Researcher ID: ADK-6754-2022
SciProfiles: 4692327

**लेखसार**

*गुणात्मक अनुसन्धानले मानव जीवनका जीवन्त भोगाइ, अनुभव, धारणा, व्यवहार, र दृष्टिकोणका जटिल पक्षहरूको अध्ययन गर्छ । यसका साथै यसले अध्ययनको सन्दर्भ र सूक्ष्म पक्षहरूको गहिरो खोजमा पनि जोड दिन्छ । तर गुणात्मक अनुसन्धानमा व्यक्तिपरकता र स्रोतको सीमितता जस्ता थुप्रै सीमाहरू भने हुन्छन् । तसर्थ गुणात्मक अनुसन्धानको अनुसन्धान विधि, प्रक्रिया र निष्कर्षहरूमा विश्वासयोग्यता, स्थानान्तरणयोग्यता, निर्भरता र पुष्टि-योग्यता जस्ता गुणहरू समावेश हुन अति जरूरी हुन्छ । यी गुणहरू स्थापित गर्नका लागि विभिन्न रणनीतिहरू जस्तै त्रिकोणीकरण, अस्वीकृत प्रमाण, अनुसन्धानकर्ताको आत्म-चिन्तन, सदस्य जाँच, क्षेत्रमा लामो समयसम्मको सङ्लग्नता, सहकार्य, लेखापरीक्षणको प्रक्रिया, विस्तृत विवरण, र सहकर्मी समीक्षा अपनाउने गरेको पाइन्छ । यी मापदण्डहरूले गुणात्मक अनुसन्धान प्रक्रियाको भरोशायोग्यता, विश्वसनीय, वैद्यता र पारदर्शिता सुनिश्चित गर्छ । यस अध्ययनको मूख्य उद्देश्य गुणात्मक अनुसन्धानको वैद्यताका प्रमुख मापदण्डहरूको सैद्धान्तिक र विधिगत स्वरूपलाई विश्लेषण गर्नु हो । तसर्थ यो अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित दस्तावेज विश्लेषण ढाँचामा आधारित छ । उद्देश्यमूलक नमूना छनोटका आधारमा चारवटा कृतिहरू छनोट गरी ती कृतिहरूमा उल्लेखित विषयवस्तुहरूका आधारमा गुणात्मक अनुसन्धानमा वैद्यता सुनिश्चित गर्ने विभिन्न मापदण्डहरूको विश्लेषण गरिएको छ । यस अध्ययनमा आगमनात्मक र निगमनात्मक दुवै विधिलाई एकिकृत रूपमा प्रयोग गरिएको छ । आगमनात्मक चरणमा तथ्याङ्क सङ्कलन गर्ने, त्यसको सङ्रचना तथा बनावटको गहन अध्ययन गर्ने र अन्त्यमा सिद्धान्त वा अवधारणा विकास गर्ने कार्य गरिएको थियो । यसैगरी निगनात्मक चरणमा पूर्व निर्धारित सिद्धान्तका आधारमा विकसित सङ्केत, वर्ग, विषय निर्माण गरी अन्त्यमा निर्ष्कषमा पुग्ने कार्य गरिएको थियो । यस अध्ययनले के निष्कर्ष निकालेको छ भने गुणात्मक अनुसन्धानको गुणस्तर सुनिश्चित गर्ने मुख्य मापदण्डहरूमा विश्वासयोग्यता, स्थानान्तरणयोग्यता, निर्भरता र पुष्टि-योग्यता हुन र यी आधार स्थापना गर्न अपनाइने विभिन्न रणनीतिहरू गुणात्मक अनुसन्धानका लागि अति आवश्यक छन् ।*

***मुख्य शब्दावलीहरू:*** *विश्वासयोग्यता, स्थानान्तरणयोग्यता, निर्भरता र पुष्टि-योग्यता, आगमन, निगमन*

## अध्ययनको सन्दर्भ

गुणात्मक अनुसन्धानमा वैधताको विषयमा छलफल र बहस गर्नु निकै नै चुनौतीपूर्ण कार्य हो । धेरै लेखकहरू जस्तै, म्याक्सवेल, (१९९६); लिङ्कन एन्ड गुबा, (१९८५); मेरियम, (१९९८); श्वान्ट, (१९९७) आदिले यस विषयका बारेमा थुप्रै लेखहरू लेखेका छन् । यसैगरी अल्थाइड र जोनसन, (१९९४); लाथर, (१९९३); म्याक्सवेल, १९९२) आदिले पनि यस कुराको पुष्टि गरेका छन् । यी लेखकहरूले आफ्ना लेखहरूमा वैधताको बारेमा छलफल गर्दा यसको ठाँउमा विविध किसिमका शब्दावलीहरू प्रयगेग गरेका छन् । कहिलेकाहीँ त यी लेखकहरूले वैद्यता सम्बन्धि अन्योलपूर्ण शब्दावलीको सूची समेत प्रस्तुत गरिएको पाइन्छ, जसमा प्रामाणिकता,

उत्कृष्टता, यथार्थानुभूति, पर्याप्तता, विश्वसनीयता, सम्भाव्यता, वैधता, प्रमाणीकरण र आधिकारिकता जस्ता विभिन्न पदहरू समावेश गरेको पाइन्छ । यसैगरी विभिन्न विद्वानहरूले वैधताको विविध प्रकार्यगत वर्गीकरणहरू पनि निर्माण गरेका छन् । यस सम्बन्धमा म्याक्सवेल (१९९२) ले पाँच; लाथर (१९९३) ले चार, र श्वान्ट (१९९७) ले चार वैद्यताको प्रकारहरू हुन्छन् भनेर उल्लेख गरेको पाइन्छ । त्यसैले डनमोयर (१९९६) ले "शैक्षिक अनुसन्धाकर्ता पत्रिका"मा वैधताका बारेमा सम्पादकीय लेख्ने क्रममा माइल्स र ह्युबरम्यान (१९९४) को वैधताको परम्परागत अवधारणालाई लाथर (१९९३) को वैधताको अवधारणासँग तुलना गर्दै वैधतासँग सम्बन्धी दृष्टिकोणहरूको बारेमा टिप्पणी गरेका छन् (पृ.२१) । विशेषगरी नयाँ अनुसन्धानकर्ताहरूका लागि गुणात्मक अनुसन्धानमा वैधताको अवधारणा बुझ्ने प्रयास क्रमशः अझ जटिल र अन्योलपूर्ण बन्दै गएको देखिन्छ ।

गुणात्मक अनुसन्धान गर्ने विद्वानहरूका बीचमा एउटा कुरामा भने साझा सहमति छ कि अनुसन्धानकर्ताले आफ्नो अध्ययन प्रक्रिया र अनुसन्धानको निष्कर्ष वैद्य र विश्वसनीय छ भनेर पुष्टि गर्नु अति आवश्यक छ । यस उद्देश्यका लागि विभिन्न लेखकहरू जस्तै लिङ्कन एन्ड गुबा, (१९८५); म्याक्सवेल, (१९९६); मेरियम, (१९९८) आदि ले गुणात्मक अनुसन्धानमा वैधता स्थापना गर्ने विभिन्न किसिमका रणनीतिहरूका बारेमा व्यापकरूपमा चर्चा गरेका छन् । गुणात्मक अनुसन्धानकर्ताहरूले प्रायः सदस्य जाँच, त्रिकोणीकरण, विस्तृत वर्णन, सहकर्मी समीक्षा र बाह्य लेखापरीक्षण जस्ता रणनीतिहरू अत्याधिक मात्रामा प्रयोग गर्ने गरेको पाइन्छ । अनुसन्धानकर्ताहरूले यी रणनीतिहरू मध्ये एक वा एकभन्दा बढी रणनीतिहरू आफ्नो अध्ययन अनुसन्धानमा अपनाएको पाइन्छ ।

विद्वानहरूले छलफल गरेका यी विभिन्न रणनीतिहरू निकै नै उपयोगी भए तापनि, वैधतासम्बन्धी यी छलफलहरूले अनुसन्धानकर्ताले एउटा रणनीति प्रयोग गर्छ र किन त्यसको सट्टा अर्को रणनीति किन प्रयोग गर्दैन भन्ने कुरा स्पष्ट पारेको पाइदैन् । अर्को शब्दमा भन्दा अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा वैद्यताको कुन रणनीति प्रयोग गर्ने भन्ने कुरा निकै नै दुविधापूर्ण छ । तसर्थ यस लेखमा मैले वैधताका रणनीतिहरू छनोट दुईवटा पक्षहरू पहिलो, अनुसन्धानकर्ताले आफ्ना अध्ययनलाई प्रमाणित गर्न प्रयोग गर्ने दृष्टिकोण र दोस्रो, अनुसन्धानकर्ताको सैद्धान्तिक धारणा प्रस्तुत गरेको छु । यस लेखमा दुई आयाममा आधारित एउटा ढाँचा प्रस्तुत गरेको छु, जसले अनुसन्धानकर्ताहरूलाई आफ्नो अध्ययनका लागि उपयुक्त वैधताका रणनीतिहरू छनोट गर्न सहयोग पुऱ्याउँछ ।

कुनै पनि अनुसन्धानकर्ताले गुणात्मक अनुसन्धानमा वैधता कायम गर्दा आफ्नो अध्ययनमा कुन रणनीतिहरू छनोट गर्ने भन्ने कुरा स्पष्टरूपमा बुझ्न जरूरी छ । पहिलो कुरा, अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा वैधता कायम गर्ने रणनीतिहरू छनोट गर्दा केवल वातावरण कस्तो छ वा सहभागीहरूका लागि के के कुरा उपयुक्त छ भन्ने कुरामा निर्भर हुनु हुँदैन । त्यसैगरी, सहकर्मी र शिक्षक सल्लाहकारहरूले दिएका सुझावहरूमा मात्र पनि प्रयाप्त आधार हुन सक्दैनन् । केवल यी बाह्य पक्षहरूमा आधारित मापदण्ड वा आधारहरूले.मात्र अध्ययनको वास्तविक वैद्यता र विश्वसनीयताको मूल्याङ्कन गर्न सक्दैनन् । यसैगरी गुणात्मक अनुसन्धानप्रतिको अनुसन्धानकर्ताको दार्शनिक दृष्टिकोणले मात्र पनि उसको अनुसन्धानको प्रक्रिया र निष्कर्षले पूर्ण रूपमा वैद्यता र विश्वसनीयता समेट्न सक्दैन । यसले अनुसन्धानको परिणाम सन्देहपूर्ण बन्न सक्छ । दोस्रो कुरा, यस अध्ययनमा प्रस्तुत रूपरेखाले अनुसन्धानकर्तालाई मार्गदर्शन गर्ने छ कि उनीहरूले आफ्नो अध्ययनको वैधता कसरी सुनिश्चित गर्ने भन्ने निर्णय गर्दा दुई मुख्य दृष्टिकोणलाई विचार गर्नुपर्छ । (१) अध्ययनको वैद्यता र विश्वसनीयता कसले मूल्याङ्कन गर्ने हो? भन्ने कुरा निकै नै महत्वपूर्ण कुरा हो । अनुसन्धानकर्ताले विचार गर्नुपर्छ कि कसको दृष्टिकोणबाट अध्ययन परीक्षण गरिन्छ । उदाहरणका लागि, सहभागी, सहकर्मी वा बाह्य समीक्षकको दृष्टिकोणले वैधता मूल्याङकन गर्दा उनीहरूको प्राथमिकताका आधारमा फरक फरक वैद्यता कायम गर्ने रणनीति छनोट गर्नु पर्छ । (२) गुणात्मक अनुसन्धानप्रति अनुसन्धानकर्ताको उसको आफ्नै दार्शनिक र सैद्धान्तिक धारणा के हो? भन्ने कुरा अझ महत्वपूर्ण कुरा हो । अनुसन्धानकर्ताको विश्वास, अध्ययनप्रति दृष्टिकोण र गुणात्मक अनुसन्धानको सैद्धान्तिक आधारले पनि प्रयोग गरिने रणनीतिहरू फरक फरक हुन सक्छन् ।

यो लेखमा प्रस्तुत ढाँचा वा रूपरेखालाई प्रयोग गर्ने तरिकालाई पनि स्पष्ट पार्नु जरूरी छ । सुरुमा, रूपरेखाका दुई दृष्टिकोणबारेमा विस्तृत छलफल गरी अनुसन्धानकर्तालाई कुन दृष्टिकोण अपनाउने भनेर स्पष्ट गरिएको छ र त्यसपछि, नौवटा वैधताका रणनीति वा प्रक्रियाहरू पहिचान गरी तिनीहरूको बारेमा व्याख्या गरिएको छ । यसले अनुसन्धानकर्तालाई स्पष्ट विकल्प दिन्छ कि कुन रणनीति कुन परिस्थितिमा उपयुक्त हुन्छ । तसर्थ यस अध्ययनले स्पष्ट मार्ग निर्देशन गरेको छ कि अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा जुन दृष्टिकोण वा सैद्धान्तिक धारणा अपनाउँछ त्यसका आधारमा नै वैधताका रणनीतिहरू चयन गर्नुपर्ने हुन्छ । बाह्य व्यक्तिको सिफारिस वा वातावरणमा मात्र निर्भर नभई अनुसन्धानकर्ताको दार्शनिक विश्वास र अध्ययनको मूल्याङ्कन गर्ने दृष्टिकोणलाई पनि वैद्यताको रणनीति छनोटको आधार बनाउँनु पर्ने हुन्छ । यसरी, अनुसन्धानले गुणात्मक विधिको सैद्धान्तिक र व्यावहारिक दुवै पक्ष सन्तुलित रूपमा समेट्नु जरूरी हुन्छ ।

यस लेखमा वैधता भन्नाले अध्ययनमा समावेस भएका सहभागीहरूले अध्ययन गर्न लागिएको सामाजिक परिघटनाका बारेमा जस्तो अनुभव गरेका छन्, त्यही अनुभवलाई कति सही, स्पष्ट र इमान्दार रूपमा प्रस्तुत गरेको छ भन्ने कुरा जनाउँछ । सामाजिक परिघटना भनेको मानिसहरूको व्यवहार, सम्बन्ध, अनुभव र सामाजिक अवस्थासँग सम्बन्धित विषयहरू हुन् । यदि अनुसन्धानले सहभागीहरूको वास्तविक अनुभवलाई विकृत नगरी, बढाइचढाइ नगरी, उनीहरूको दृष्टिकोणअनुसार नै प्रस्तुत गर्न सक्छ भने त्यो निष्कर्षलाई वैध मानिन्छ । श्वान्ट (१९९७) अनुसार, अनुसन्धानबाट प्रस्तुत गरिएको विवरण स्वयम सहभागीहरूलाई पनि विश्वासयोग्य लाग्नुपनर्छ र उनीहरूले "हाम्रो अनुभव यही नै हो" भनेर पूर्णरूपमा स्वीकार गर्न सक्ने अवस्था हुनुपर्छ । यदि यस्तो अवस्थाको सिजृना गर्न सकियो भने त्यस्तो अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्ष वैद्य छ भनेर भन्न सकिन्छ ।

शैक्षिक क्षेत्रका शिक्षाविद्हरूले विभिन्न गुणात्मक अनुसन्धान विधि, यसको प्रक्रिया र निष्कर्षलाई विश्वसनीय र भरपर्दो बनाउन विभिन्न रणनीतिहरू विकास गरेका छन् । गुणात्मक अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्षलाई विश्वसनीय बनाउन आवश्य पर्ने विभिन्न रणनीतिहरू यससँग विभिन्न पक्षहरूका बारेमा गहनरूपमा साहित्यको समिक्षा र विस्तृतरू छलफल गर्नु आवश्यक छ ।

## अनुसन्धानकर्ताले प्रयोग गर्ने दृष्टिकोण (Researcher's Lens)

अनुसन्धानको दृष्टिकोण भन्नाले अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा वैधता स्थापित गर्न अपनाउने दृष्टिकोण वा रणनीतिलाई जनाउँछ । गुणात्मक अनुसन्धान गर्ने व्यक्तिहरूले वैधताका विषयमा परम्परागत वा परिमाणात्मक अनुसन्धानको भन्दा फरक दृष्टिकोण अपनाउँछन् । परिमाणात्मक अनुसन्धानमा अनुसन्धानकर्ताहरू मुख्य रूपमा परीक्षणका अङ्कहरूबाट निकालिने वस्तुनिष्ठ निष्कर्षहरूमा ध्यान केन्द्रित गर्छन् । विशेष गरी यसमा मनोमापन सम्बन्धी साधनबाट प्राप्त अङ्कहरूको व्याख्या कति उचित छ भन्ने कुरा महŒवपूर्ण हुन्छ । यसमा रचनागत वैधता, मापदण्डसम्बन्धी वैधता र विषयवस्तुसम्बन्धी वैधता जस्ता पक्षहरू समावेश हुन्छन् । त्यसैगरी, प्रयोगात्मक र अर्ध-प्रयोगात्मक अनुसन्धान ढाँचामा आन्तरिक तथा बाह्य वैधतालाई पनि महŒवपूर्ण मानिन्छ (क्याम्पबेल र स्ट्यान्ली, १९६६) । यसको विपरीत, गुणात्मक अनुसन्धानकर्ताहरूले अङ्क, साधन वा अनुसन्धान ढाँचामा आधारित दृष्टिकोण प्रयोग गर्दैनन् । उनीहरूले अध्ययन सञ्चालन गर्ने, अध्ययनमा सहभागी हुने, वा पढ्ने र समीक्षा गर्ने व्यक्तिहरूको विचार र अनुभवका आधारमा वैधता निर्धारण गर्ने दृष्टिकोण अपनाउँछन् । तसर्थ अनुसन्धानकर्ताको दृष्टिकोणले वैद्यता निर्धारण गर्ने रणनीति वा प्रक्रिया फरक फरक हुने गर्छ ।

वास्तवमा, कुनै अध्ययनको वैद्यता निर्धारण गर्ने पहिलो आधार अनुसन्धानकर्ताको अनुसन्धान प्रतिको उसको आफ्नो दृष्टिकोण पनि हो । अनुसन्धानकर्ताले क्षेत्रमा कति समय बस्ने, पर्याप्त विषयवस्तु वा वर्गहरू पहिचान गर्न तथ्याङ्क पर्याप्त भए नभएको कसरी तय गर्ने, र तथ्याङ्कको विश्लेषण क्रमशः प्रभावकारी कथनमा कसरी रूपान्तरण हुन्छ भन्ने कुराहरूले अनुसन्धानको वैद्यतालाई प्रभावित गर्दछन् । प्याटन (१९८०) ले यस प्रक्रियालाई यस्तो रूपमा वर्णन गरेका छन् जहाँ गुणात्मक विश्लेषकहरू आफ्ना तथ्याङ्कतिर "बारम्बार फर्केर हेर्छन्, ताकि निर्माण गरिएका अवधारणा, वर्गीकरण, व्याख्या र त्यसका अर्थहरू उचित र बुझ्नयोग्य छन् कि छैनन् भन्ने कुरा सुनिश्चित हुन सकोस" (पृ.३३९) । यसैगरी अल्थाइड र जोनसन (१९९४) ले यसलाई

प्रतिबिम्बात्मक हिसाब किताबको रूपमा वैधता भनेर उल्लेख गरेका छन् (पृ.४८९) । यस प्रक्रियामा अनुसन्धानकर्ता, अनुसन्धानको विषय र अर्थनिर्माणको प्रक्रिया एकअर्कासँग अन्तरक्रिया गर्छन् । तसर्थ वैद्यताले अनुसन्धानको निष्कर्ष र सहभागीहरूको अनुभव, भावना, दृष्टिकोण एक आपस कति नजिक छन् भन्ने कुरा सुनिश्चित गर्छ । तसर्थ वैद्यता निर्धारणका लागि विभिन्न रणनीतिहरू प्रयोग गर्नु उपयुक्त हुन्छ ।

गुणात्मक अनुसन्धानकर्ताहरूले आफ्नो अध्ययनको वैधता स्थापित गर्न दोस्रो दृष्टिकोणका रूपमा अध्ययनका सहभागीहरूलाई पनि आधार बनाउन सक्छन् । गुणात्मक दृष्टिकोणले वास्तविकता, यथार्थ वा सत्य सामाजिक रूपमा निर्माण हुन्छ भन्ने मान्यता राख्छ । तसर्थ सहभागीहरूले समाजिक संसार जसरी जान्छन्, अनुभव गर्छन्, र बुझ्छन् त्यही नै यथार्थ हो । यस दृष्टिकोणले अन्तिम प्रतिवेदनमा सहभागीहरूको यथार्थ कति सही रूपमा प्रस्तुत गरिएको छ भन्ने कुरा जाँच गर्नु आवश्यक ठान्छ । यसरी अनुसन्धानकर्ताहरूले आफ्नो व्याख्या र विश्लेषणले सहभागीहरूलाई कति सही रूपमा प्रतिनिधित्व गर्छ भन्ने कुरा मूल्याङ्कन गर्नका लागि अनुसन्धान प्रक्रियामा सहभागिहरूलाई नै सक्रिय रूपमा सङ्लग्न गराउँछन् । यसैगरी तेस्रो दृष्टिकोणका रूपमा अनुसन्धानकर्ताले अध्ययनबाहिरका व्यक्तिहरूबाट पनि अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्षको वैद्यता जाँच गराउँन सक्छन् । अनुसन्धान प्रक्रियासँग प्रत्यक्षरूपमा सम्बन्ध नभएका समीक्षकहरूले वैधता स्थापित गर्न सहयोग गर्न सक्छन् । त्यसैगरी, जसका लागि प्रतिवेदन लेखिएको हो, ती विभिन्न पाठकहरूले पनि यसको विश्वासयोग्यता मूल्याङ्कन गर्न सक्छन् । यसरी अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको प्रक्रियामा वैद्यता स्थापना गर्न विभिन्न दृष्टिकोणहरू प्रयोग गर्न सक्छन् ।

**विश्वदृष्टिकोण वा प्रतिमान सम्बन्धी मान्यताहरू (World View related Lens)**

माथि उल्लेखित अनुसन्धानकर्ताले प्रयोग गर्ने आफ्नै, अध्ययनका सहभागीहरूको, र परियोजनाबाहिरका व्यक्तिहरूको दृष्टिकोण मात्र वैधताको प्रक्रिया छनोट गर्ने आधार हुन सक्दैनन् । अनुसन्धानकर्ताका प्रतिमान र प्रतिमानसम्बन्धी मान्यताहरूले पनि उनीहरूले अपनाउने रणनीतिलाई प्रभाव पार्छ । गुबा र लिङ्कन (१९९४) का अनुसार अनुसन्धानकर्ताले संसार, यथार्थ र ज्ञानलाई कसरी बुझ्छ भन्ने आधारले नै उनीहरूले वैधता स्थापित गर्ने तरिका छनोट गर्ने गर्छ । वैधताको अवधारणालाई स्थिर वा एउटै तरिकाबाट मात्र बुझ्न सकिन्न । ऱ्याटक्लिफ (१९८३) का अनुसार, “वैधता के हो? भन्ने प्रश्नको जवाफ समय, ऐतिहासिक पृष्ठभूमि, र उस समयको प्रमुख सोच वा ज्ञानको बुझाइ अनुसार फरक-फरक हुन्छ” । उदाहरणका लागि, एक ऐतिहासिक समयमा वैधता मुख्य रूपमा तथ्याङ्कको प्रमाण वा गणितीय मापनमा मात्र आधारित मानिन्थ्यो भने, अर्को समयमा सामाजिक वा अनुभवजन्य दृष्टिकोणले यसलाई मापन गर्न थालियो । यसरी, वैधता सम्बन्धी विचारहरू केवल अध्ययनका साधन वा विधि मात्र होइन । तर त्यो समयको सोच, ज्ञानसम्बन्धी मान्यता, र ऐतिहासिक अवस्था अनुसार विकसित हुन्छन् । तसर्थ, वैधताको अर्थ एउटै छैन; यो समय, स्थान, र सामाजिक-सांस्कृतिक सन्दर्भ अनुसार फरक रूपमा बुझिन सक्छ । यसले अनुसन्धानमा वैधता हेर्ने दृष्टिकोण पनि बहुविध र परिवर्तनीय हुन सक्ने सङ्केत दिन्छ ।

गुबा र लिङ्कन (१९९४) का अनुसार, तीन प्रकारका विश्व दृष्टिकोण जस्तै उत्तर-सकारात्मकतावादी, निर्माणवादवादी, र आलोचनात्मक दृष्टिकोणवादी मान्यताहरूले अनुसन्धानकर्ताहरूको वैधताका विधि वा रणनीतिहरू छनोट गर्ने तरिकामा प्रभाव पार्छन् । यी मान्यताहरू गुणात्मक अनुसन्धानको विकासको क्रमका विभिन्न ऐतिहासिक अवस्थासँग सम्बन्धित रहेका छन् (डेन्जिन र लिङ्कन, १९९४) ।

सकारात्मकतावादी अनुसन्धानकर्ताले के मान्यता राख्छन् भने गुणात्मक अनुसन्धान वैज्ञानिक विधि र व्यवस्थित अनुसन्धान प्रक्रियामा आधारित हुन्छ । डेन्जिन र लिङ्कन (१९९४) ले यसलाई गुणात्मक अनुसन्धानको आधुनिकवादी चरणको रूपमा चिनाएका छन् । यो दार्शनिक दृष्टिकोण सामाजिक विज्ञानको अनुसन्धानमा १९७० को दशकमा विकास भइ आजसम्म पनि जारी छ । यसैगरी सकारात्मकतावादी प्रतिमान अपनाउने अनुसन्धानकर्ताले वैधतालाई मात्र स्वीकार गर्दैनन्, यसलाई समर्थन पनि गर्छन् । सकारात्मकतावादी अनुसन्धानकर्ताहरूले गुणात्मक अनुसन्धानलाई वैज्ञानिक, व्यवस्थित, र प्रमाणसहितको प्रक्रियाका रूपमा हेर्छन् र यसको वैधता सुनिश्चित गर्न स्पष्ट विधि र प्रक्रिया अपनाउँछन् । सरल भाषामा भन्नुपर्दा, उनीहरूले गुणात्मक

तथ्याङ्कको व्याख्या वा निष्कर्ष सही छ कि छैन भनेर प्रमाणसहित, परिमाणात्मक वा मापनयोग्य आधारमा तुलना गर्न खोज्छन् । उदाहरणका लागि, यदि कुनै अध्ययनमा मानिसहरूको अनुभव वा दृष्टिकोण समावेश छ भने, उनीहरूले त्यो अनुभव कति विश्वसनीय छ, कति सही प्रतिनिधित्व भएको छ भन्ने कुरा निर्धारण गर्नका लागि परिमाणात्मक मापनमा जोड दिन्छन् । यसका साथै उनीहरू मानवीय अनुभवलाई कुनै पनि परिमाणात्मक प्रमाणसँग तुलना गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्छन् । यसरी, गुणात्मक अनुसन्धानमा पनि उनीहरूले वैज्ञानिक र सङ्रचित मूल्याङ्नको दृष्टिकोण अपनाउँछन् । उनीहरूले यसलाई परिमाणात्मक तुलनाका आधारमा मूल्याङ्कन गर्ने प्रयास गर्छन् र वैधता स्थापित गर्न विशेष प्रक्रिया सक्रिय रूपमा प्रयोग गर्छन् । उदाहरणका लागि, म्याक्सवेल (१९९६) ले गुणात्मक वैधताप्रति उत्तरसकारात्मकतावादी दृष्टिकोणलाई स्पष्ट रूपमा उदाहरणसहित देखाएका छन् ।

दोस्रो निर्माणवादी वा व्याख्यात्मक दृटिकोण सन् १९७० देखि १९८७ को बीचमा विकसित भएको थियो (डेन्जिन र लिङ्कन, १९९४) । आजका दिनमा वैधताबारे गरिने बहसमा यसको निकै नै ठूलो प्रभाव देखिन्छ । निर्माणवादीहरूका अनुसार यथार्थ वा सत्य बहुपक्षीय, व्याख्यात्मक, खुला र सन्दर्भअनुसार बुझिने हुन्छ । निर्माणवादीहरू यथार्थ स्थान र परिस्थितिप्रति सम्वेदनशील हुन्छन् र एउटै मात्र अर्थमा मात्र सीमित हुँदैनन् । लिङ्कन र गुबाको प्रसिद्ध कृति "प्राकृतिकतावादी अनुसन्धान" (१९८५) मा वैद्यता, विश्वसनीयता र प्रामाणिकताका विभिन्न रूपहरूबारे विस्तृत रूपमा चर्चा गरिएको छ । तसर्थ निर्माणवादीहरू आफ्नो अनुसन्धानमा परिमाणात्मक अनुसन्धानकर्ताको भन्दा फरक वैद्यताका रणनीतिहरू र तीनका नाम तथा मापदण्ड प्रयोग गर्छन् । उदाहरणका लागि गुणात्मक अनुसन्धानकर्ताहरू विश्वसनीयता अन्तर्गत विश्वासयोग्यता, स्थानान्तरणयोग्यता, स्थिरता र पुष्टि-योग्यता जस्ता विभिन्न नाम र रणनीतिहरू प्रयोग गर्दछन् । त्यसैगरी प्रामाणिकता अन्तर्गत निष्पक्षता, व्यक्तिको आफ्नै बुझाइ विस्तार गर्ने, अरूको बुझाइलाई अझ राम्रोसँग बुझ्न सहयोग गर्ने, कार्यका लागि प्रेरणा दिने र कार्य गर्न सशक्त बनाउने जस्ता पक्षहरू समावेश हुन्छन् ।

तेस्रो प्रतिमान समालोचनात्मक दृष्टिकोण हो । यो दृष्टिकोण सन् १९८० को दशकमा प्रतिनिधित्वको सङ्कटको रूपमा देखा पर्यो (डेन्जिन र लिङ्कन, १९९४, पृ.९) । समालोचनात्मक दृष्टिकोण आधुनिक राज्यको सोच, सङ्रचना र शक्ति-सम्बन्धलाई प्रश्न गर्ने धारणा हो । यस दृष्टिकोणका अनुसार कुनै पनि कथन, विवरण वा कथा तटस्थ र स्वतन्त्र रूपमा तयार हुँदैन । ती कथनहरू सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक शक्तिहरूबाट प्रभावित भएर निर्माण गरिएका हुन्छन् । त्यसैले अनुसन्धानकर्ताले केवल कथनमा के भनिएको छ भन्ने मात्र हेर्नु पर्याप्त हुँदैन । बरु त्यो कथन किन र कसरी त्यसरी बनाइयो भन्ने कुरा पनि खोज्नुपर्छ । कुनै कथा कसले लेख्यो, किन लेख्यो, कसका अनुभवलाई स्थान दिइयो र कसका अनुभवलाई बेवास्ता गरियो भन्ने पक्ष महत्वपूर्ण हुन्छ । त्यस्तै, पाठकले पनि आफ्नै अनुभव, पृष्ठभूमि र विचारका आधारमा कथालाई बुझ्छ । यसरी कथन तयार गर्ने, पढ्ने र बुझ्ने सबै प्रक्रियामा लुकेका मान्यता, शक्ति-सम्बन्ध र पूर्वधारणाहरू हुन्छन् । समालोचनात्मक दृष्टिकोणले यी लुकेका आधारहरूलाई उजागर गर्नुपर्नेमा जोड दिन्छ, ताकि अनुसन्धानले केवल सतहमा देखिएको कुरा मात्र नभई त्यसपछि रहेका शक्ति, असमानता र विचारधारालाई पनि स्पष्ट रूपमा देखाउन सकोस् । कथनलाई हामी कसरी बुझ्छौ भन्ने कुरा हाम्रो ऐतिहासिक अवस्थासँग जोडिएको हुन्छ । यो अवस्था सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, जातीय र लैङ्गिक पृष्ठभूमिबाट प्रभावित हुन्छ, जुन अध्ययन गरिएका परिस्थितिसँग सम्बन्धित हुन्छ । यस दृष्टिकोणका आधारमा वैधताको अर्थ पनि प्रश्नको विषय बन्छ । वैधताका आधार र मान्यताहरूलाई सोधपुछ गरिन्छ र चुनौती दिइन्छ । अनुसन्धानकर्ताले आत्मचिन्तनशील हुनुपर्छ र आफूले कथनमा के-कस्ता विचार, अनुभव र दृष्टिकोण ल्याएका छन् भन्ने कुरा स्पष्ट रूपमा देखाउनुपर्छ ।

रिचर्डसन (१९९४) ले एउटा पारदर्शी ढुङ्गालाई रूपकको रूपमा प्रयोग गरेर देखाएका छन् कि यथार्थ वा तथ्याङ्क स्थिर र एउटै रूपमा देखिँदैन । पारदर्शी ढुङ्गाले बाहिरी प्रकाशलाई प्रतिबिम्बित गर्छ र आफ्नै भित्रबाट पनि फरक-फरक कोणले प्रकाशलाई मोड्छ, जसरी हामीले कथन र तथ्याङ्कलाई बुझ्ने तरिका पनि हाम्रो दृष्टिकोण र अनुभवको दृष्टिकोणमा निर्भर गर्छ । यसले स्पष्ट गर्छ कि अनुसन्धानमा वैधता स्थिर, निश्चित परिणाम वा एउटै सत्यमा आधारित हुँदैन, बरु यो दृष्टिकोण, अनुसन्धानकर्ताको भूमिका र परिस्थितिप्रतिको

संवेदनशीलतासँग सम्बन्धित हुन्छ। तसर्थ वैद्यता स्थिर, निश्चित र निरपेक्ष हुँदैन। बरू समयसापेक्ष, परिस्थितीजन्य र सन्दर्भसापेक्ष हुन्छ।

यस अवधारणालाई व्यवहारमा उतार्न अनुसन्धानकर्ताले आत्म-प्रकटीकरण र सहभागीहरूसँग सहकार्य गर्ने प्रक्रिया अपनाउँछन्। आत्म-प्रकटीकरणले अनुसन्धानकर्तालाई आफ्नो विश्वास, पूर्वाग्रह र दृष्टिकोण स्पष्ट रूपमा प्रस्तुत गर्न मद्दत गर्छ, जसले सहभागी र अनुसन्धानकर्ताबीचको शक्ति असमानतालाई कम गर्छ। सहभागीहरूसँग सहकार्य गर्दा उनीहरूको अनुभव, बुझाइ र दृष्टिकोणलाई पनि अध्ययनमा उचित स्थान दिन सकिन्छ। कार्स्पेकेन (१९९६) ले आफ्नो कृति "शैक्षिक अनुसन्धानमा समालोचनात्मक एथनोग्राफी"मा वैधता स्थापना गर्ने प्रक्रियाका उदाहरणहरू प्रस्तुत गरेका छन्। उनले पूर्वाग्रह पत्ता लगाउने विधि र आफूसँगै अन्तर्वार्ता गर्ने अभ्यासलाई अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा स्थिति स्पष्ट पार्ने तरिका भनेर व्याख्या गरेका छन्। यसले अनुसन्धानकर्तालाई केवल बाहिरी तथ्याङ्क सङ्कलन गर्ने भूमिकामा सीमित राख्दैन, बरु यसले उनीहरूको आफ्नै अनुभव, दृष्टिकोण र सम्भावित पूर्वाग्रहलाई समेत ध्यानमा राखेर अध्ययनलाई अधिक निष्पक्ष र विश्वसनीय बनाउँछ। यसरी, गुणात्मक अनुसन्धानमा वैधता स्थिर मापदण्डभन्दा बढी अनुसन्धानकर्ताको आत्म-साक्षात्कार, सहभागीहरूसँगको सहकार्य र सन्दर्भ-सम्बन्धित समझदारीमा आधारित हुन्छ (रिचर्डसन, १९९४; कार्स्पेकेन, १९९६)।

**प्रतिमानगत मान्यताहरू र वैधता (Paradigmatic Assumptions and Validity)**

यस लेखमा अनुसन्धानकर्ता, सहभागीहरू, बाह्य व्यक्तिहरूको दृटिकोण र प्रत्येक दृष्टिकोणलाई समेट्ने वैद्यताका ९ वटा रणनीतिहरू (तालिका नं. १) को बारेमा गहनरूपमा विश्लेषण गरी तीनवटा प्रतिमानका मान्यताहरूका आधारमा दुई-आयामी तालिका तयार गरिएको छ। यो दुई-आयामी तालिकाका आधारमा वैद्यताका ९ वटा रणनीतिहरूलाई विभिन्न व्यक्तिहरू (अनुसन्धानकर्ता, सहभागीहरू र बाह्य व्यक्तिको) दृष्टिकोण र विभिन्न प्रतिमानहरू (उत्तर-सकारात्मकतावादी, निर्माणवादी, आलोचनावादी) मा विभाजन गरी प्रस्तुत गरिएको छ।

**तालिका नं. १:**

गुणात्मक अनुसन्धानको वैधता सुनिश्चित गर्ने प्रक्रियाहरू र प्रतिमानसम्बन्धी मान्यताहरू

| प्रतिमानगत मान्यता | उत्तर-सकारात्मकतावादी प्रतिमान | निर्माणवादी प्रतिमान | आलोचनात्मक प्रतिमान |
|---|---|---|---|
| अनुसन्धानकर्ताको दृष्टिकोण | त्रिकोणीकरण | अनुसन्धानकर्ताको असंगत प्रमाण | अनुसन्धानकर्ताको आत्म-चिन्तनशीलता |
| सहभागीको दृष्टिकोण | सदस्य जाँच | लामो संलग्नता | सहकार्य |
| बाह्य व्यक्तिहरू पूनरावलोकनकर्ता, पाठक आदिको दृष्टिकोण | अभिलेख लेखापरीक्षण | विस्तृत वर्णन | सहकर्मी छलफल |

यो तालिकामा पहिलो स्तम्भमा विभिन्न व्यक्तिका दृष्टिकोणहरू प्रस्ततु गरिएको छ। यसमा अनुसन्धानकर्ता, सहभागी र अनुसन्धान बाहिर रहेका व्यक्तिहरूको दृष्टिकोणहरूका आधारमा अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्षलाई वैद्य वनाउन प्रयोग गरिने रणनीतिहरू के के हुन सक्छन भन्ने कुरा देखाएको छ। यसैगरी अर्को माथिल्लो पङ्तिमा विभिन्न अनुसन्धानका विभिन्न प्रतिमानहरू प्रस्तुत गरिएको छ। प्रत्येक प्रतिमानमा कुन कुन रणनीतिहरू प्रयोग गर्न सकिन्छ भन्ने कुरा स्पष्ट गरिएको छ। समग्रमा हेर्दा प्रत्येक व्यक्तिको दृष्टिकोण र प्रतिमानका आधारमा वैद्यता निर्धारण गर्ने रणनीति फरक फरक हुने गर्दछन्। अनुसन्धानकर्ताले उत्तर-

सकारात्मकतावादी प्रतिमानमा त्रिकोणीकरण, निर्माणवादी प्रतिमान अनुसन्धानकर्ताको असंगत प्रमाण र आलोचनत्मक प्रतिमानमा अनुसन्धानकर्ताको आत्मचिन्तनशीलता रणनीति प्रयोग गर्न सक्छ । तसर्थ विभिन्न व्यक्तिले विभिन्न प्रतिमानमा फरक फरक रणनीति प्रयोग गर्न सक्ने कुरा तालिकामा प्रस्तुत छ ।

यो लेख यी तीनवटा व्यक्तिहरू, तीनवटा प्रतिमान र गुणात्मक अनुसन्धानको वैद्यता कायम गर्ने विभिन्न नौवटा रणनीतिहरूमा केन्द्रित छ । यसैगरी यस लेखमा प्रत्येक व्यक्तिको दृष्टिकोण, प्रतिमानहरू, र विभिन्न रणनीतिहरूको छोटो अर्थ, परिभाषा, व्याख्या समावेश छन् । यो लेखमा समावेस रणनीतिहरूको सूची पूर्ण छ भन्न त सकिन्न, तर सामान्यतया गुणात्मक साहित्यमा धेरै प्रयोग हुने रणनीतिहरू यस लेखमा समावेस छन् । यस अध्ययनमा अनुसन्धानकर्ताको दष्टिकोणमा त्रिकोणीकरण, अस्विकृत प्रमाण, र अनुसन्धानकर्ताको आत्मचिन्तन, सहभागीको दृष्टिकोणमा सदस्य जाँच, दिर्घकालिन सङ्लग्नता, र सहकार्य र बाह्य व्यक्तिको दृष्टिकोण लेखापरीक्षण, विस्तृत वर्णन, सहकर्मी समिक्षाका बारेमा व्याख्या र विश्लेषण गरिएको छ । यस साहित्यको समिक्षाले विभिन्न अनुसन्धानकर्ता, लेखक, विद्यार्थी र पाठकलाई गुणात्मक अनुसन्धानको विश्वसनीयताका बारेमा नयाँ दृष्टिकोण प्रदान गर्ने छ ।

वैधता कायम गर्ने रणनीतिहरू भन्नाले अनुसन्धानकर्ताले आफ्नो अध्ययनलाई विश्वासयोग्य बनाउन अपनाउने विभिन्न उपायहरू हुन् । उदाहरणका लागि, सहभागीहरूसँग पुनः छलफल गर्नु, विभिन्न स्रोतबाट तथ्याङ्क सङ्कलन गरेर तुलना गर्नु, र अनुसन्धान प्रक्रियालाई स्पष्ट रूपमा वर्णन गर्नु जस्ता कदमहरूले अध्ययनको वैद्यता बढाउँछन् । यसरी अनुसन्धानकर्ताले आफ्नो अध्ययनको निष्कर्ष विश्वसनीय छ भन्ने प्रमाण प्रस्तुत गर्ने प्रयास गर्छन् । यस अध्ययनको अर्को महत्वपूर्ण कुरा के हो भने वैधता स्वयम तथ्याङ्कमा हुँदैन, बरु तथ्याङ्कको आधारमा निकालिएका निष्कर्षहरूमा हुन्छ । अर्थात् तथ्याङ्क त केवल कच्चा सामग्री जस्तै हो; त्यसबाट अनुसन्धानकर्ताले गरेको व्याख्या र अर्थनिर्माण नै मूल्याङ्नको विषय बन्छ । यदि निष्कर्ष तथ्याङ्कसँग मेल खान्छ र तर्कसङ्गत रूपमा प्रस्तुत गरिएको छ भने त्यो अनुसन्धानको सम्पूर्ण प्रक्रिया वैध हुन्छ । यो धारणा ह्यामर्स्ली र एटकिन्सन (१९८३) ले अघि सारेका हुन्, जसअनुसार अनुसन्धानको मूल्याङ्कन गर्दा मुख्य ध्यान निष्कर्षको उचिततामा दिनुपर्छ र केवल तथ्याङ्कको अस्तित्वमा मात्र दिनु हुँदैन् । तसर्थ हालसम्मका गुणात्मक अनुसन्धानहरूले यसको विधि, नमूनाको छनोट, सूचना तथा जानकारी सङ्कलनका साधनहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया मात्र ध्यान दिएको पाइन्छ । तर कुनै पनि अध्ययनले गुणात्मक अनुसन्धान र यसको निष्कर्ष वैद्य र विश्वसनीय बनाउने उपायका बारेमा अध्ययन गरेको पाईदैन । तसर्थ यस अध्ययनमा अनुसन्धानका प्रश्नहरू निम्न अनुसार निर्धारण गरिएको छः

- गुणात्मक अनुसन्धानका विद्यमान मापदण्ड र रणनीतिहरूले यसको विश्वासनीयता सुनिश्चित गर्न के कस्तो भूमिका निर्वाह गर्छन्?
- गुणात्मक अनुसन्धानमा प्रयोग भइरहेका मापदण्ड र रणनीतिहरूका प्रमुख विशेषततािहरू के के हुन्?
- शैक्षिक समुदायको विश्वास अभिवृद्धि गर्नका लागि गुणात्मक अनुसन्धानको वैद्यता सुदृढ गर्नका लागि के कस्ता सरल, व्यवहारिक तथा प्रभावकारी मापदण्ड र रणनीतिहरू प्रयोग गर्न सकिन्छ?

## विधि र सामग्री

यस अध्ययनमा प्रमुखरूपमा चारवटा कृतिहरूको समीक्षा गरिएको छ । कृतिहरूको समीक्षा गर्न आगनात्मक र निगनात्मक विधिहरू प्रयोग गरिएका छन् । अध्ययनमा प्रयोग गरिएका आगनात्मक र निगनात्मक विधिका चरणहरू र कृतिहरूको सूचि निम्न अनुसार प्रस्तुत छः

तालिका नं. २: अध्ययनमा समावेस गरिएका कृतिहरू

| लेखक | प्रकाशन वर्ष | कृतिको नाम |
|---|---|---|

| | | |
|---|---|---|
| लिङ्कन र गुबा | १९८५ | प्राकृतिकतावादी अनुसन्धान |
| एरल्यान्डसन | १९९३ | प्राकृतिकतावादी अनुसन्धान गर्ने प्रक्रिया |
| मेरियम | २००९ | गुणात्मक अनुसन्धानः ढाँचाको निर्माण र कार्यान्वयनसम्बन्धी मार्गदर्शिका |
| क्रेसवेल र बाएज | २०२० | गुणात्मक अनुसन्धानकर्ताका लागि ३० आवश्यक सीपहरू |


**आगमनात्मक विधि (Inductive Method)**

आगमनात्मक अनुसन्धान प्रक्रियामा तीन प्रमुख चरणहरू समावेश हुन्छन् । पहिलो चरणमा, अध्ययन गरिँदै गरेको सूचना, जानकारी, घटनाको विस्तृत र सूक्ष्म अवलोकन गरिन्छ, जुन सर्वेक्षण, अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन वा गहन अध्ययन जस्ता विभिन्न माध्यमबाट सम्पन्न गरिन्छ । दोस्रो चरणमा, जब पर्याप्त मात्रामा तथ्याङ्क सङ्कलन हुन्छ, तब अनुसन्धानकर्ता केही समयका लागि तथ्याङ्क सङ्कलन प्रक्रियाबाट पछि हटेर फेरी त्यसलाई समग्र रूपमा हेर्ने प्रयास गरिन्छ (स्पाङ्गलर, १९९८; जेभन्स, १८९१) । यस चरणमा अनुसन्धानकर्ताले सङ्कलित सामग्रीलाई ध्यानपूर्वक अध्ययन गरेर सङ्कलित तथ्याङ्कलाई गहिरोरूपमा विश्लेषण गरी त्यसमा रहेका दोहोरिने ढाँचा, विषयवस्तु तथा पारस्परिक सम्बन्धहरू पहिचान गर्छ, जसबाट प्रारम्भिक वर्गीकरण र अवधारणाहरू निर्माण गर्न आवश्यक अन्तरदृष्टि प्राप्त हुन्छ । ती ढाँचाहरू किन देखा परे भन्ने कुरा बुझ्ने प्रयास गर्दै, तिनलाई व्याख्या गर्न सक्ने एउटा आधार विकास गर्न थालिन्छ । तेस्रो चरणमा पहिचान गरिएका ढाँचा र विषयवस्तुका आधारमा तथ्याङ्कलाई समानता र भिन्नताका आधारमा समूहमा विभाजन गरी प्रारम्भिक अवधारणा वा वर्गहरू विकास गरिन्छ, जसले अध्ययन गरिँदै गरेको विषयलाई बुझ्न सघाउने सैद्धान्तिक रूपरेखा निर्माण गर्न आधार प्रदान गर्दछ (चित्र नं. १) ।

आगमनात्मक चरणमा तथ्याङ्क सङ्कलन गर्ने, त्यसको सङ्रचना तथा बनावटको गहन अध्ययन गर्ने र अन्त्यमा सिद्धान्त वा अवधारणा विकास गर्ने कार्य गरिएको थियो । यसका लागि सर्वप्रथम अनुसन्धानकर्ताले सूचना वा तथ्याङकको गहिरो अध्ययन गरेर ती तथ्याङकका विशेषता र वनावट जस्ता विभिन्न पक्षहरूको अध्ययन गर्ने कार्य गरिएको थियो । आगमन विधि भनेको विशेष वा व्यक्तिगत अवलोकनबाट सामान्य निष्कर्ष अथवा सिद्धान्ततर्फ अघि बढ्ने प्रक्रिया हो । अर्थात् सूचना वा तथ्याङ्कबाट सुरु गरेर सिद्धान्त निर्माण गर्ने प्रक्रिया नै आगमनात्मक दृष्टिकोण हो (जेभन्स, १८९१) । तसर्थ यस अध्ययनमा माथि उल्लेखित विधि तथा प्रक्रिया प्रयोग गरेर नै आगमन विधिको प्रयोग गरिएको थियो ।

**चित्र १:**

आगनात्मक विधिको रूपरेखा




यस अध्ययनको मुख्य उद्देश्य गुणात्मक अनुसन्धानको विधि प्रक्रिया र निष्कर्षलाई वैद्य बनाउन उपयोग गरिने रणनीतिहरू विश्लेषण गर्नु रहेको छ । यस अध्ययनका लागि निर्धारित अनुसन्धानका प्रश्नहरूको उत्तर खोज्नका लागि केही गुणात्मक अनुसन्धानको वैद्यता र गुणस्तरीयता जस्ता विभिन्न विषयहरू उल्लेख गरिएका कृतिहरूको उद्देश्यपूर्ण विधिबाट नमूनाको छनोट गरिएको थियो (तालिका नं. १) । यी नै विभिन्न कृतिहरूलाई

वैद्य र विश्वसनीय स्रोतका रूपमा यस अध्ययनमा प्रयोग गरिएको छ । सबै पुस्तकहरूको गहन अध्ययनका लागि ६ महिनाको समय लागेको थियो । अध्ययनका क्रममा कतिपय नबुझिएका विषयवस्तुहरूका बारेमा सहकर्मीहरू र सम्बन्धित विषयका विज्ञहरूसँग छलफल गरी निष्कर्षमा पुग्ने कार्य गरिएको थियो ।

उक्त सङ्कलित कृतिहरूलाई दोहोऱ्याई तेहेऱ्याई पढी सकेपछि त्यसमा दोहोरिने विषयवस्तु, उपविषयवस्तुहरू र ती मध्ये महत्वपूर्ण विषयवस्तुहरू पहिचान गर्ने कार्य गरिएको थियो । यही प्रारम्भिक अध्ययनले विश्लेषणको आधार तयार गर्छ र त्यसपछि कोडिङ प्रक्रिया सुरु हुन्छ । कोडिङ भनेको तथ्याङ्कका अर्थपूर्ण अङ्शहरूलाई साना-साना लेबल वा सङ्केत दिने कार्य हो । प्रत्येक कोडले कुनै निश्चित विचार वा अनुभवलाई प्रतिनिधित्व गर्छ । यस चरणमा खुला कोडिङ प्रयोग गरी सकेसम्म धेरै सम्भावित अर्थहरू समेटिन्छन् (जेभन्स, १८९१) । गुणात्मक अनुसन्धानमा विषयवस्तु (थीम) र वर्ग (क्याटागोरी) निर्माण गर्नु विश्लेषण प्रक्रियाको मुख्य चरण हो । यसले कच्चा तथ्याङ्कलाई व्यवस्थित, अर्थपूर्ण र सैद्धान्तिक रूपमा व्याख्यायोग्य बनाउँछ । विषय र वर्ग स्वतः तयार हुँदैनन्; ती अनुसन्धानकर्ताद्वारा सावधानीपूर्वक विश्लेषण, तुलना र पुनर्व्याख्याबाट विकास गरिन्छन् ।

कोडिङ प्रक्रिया शुरू गरी विषयवस्तुलाई साना-साना अर्थपूर्ण अङ्शहरूमा विभाजन गरेर तिनीहरूको उपयुक्त शीर्षक निर्माण गरिन्छ । समान अर्थ भएका विषयवस्तुलाई एउटै कोडअन्तर्गत समेटिन्छ र फरक भएका विषयवस्तुलाई अर्को कोडमा समेटिन्छ । यही समूहहरू नै प्रारम्भिक वर्ग हुन् । वर्गहरू अपेक्षाकृत ठोस र वर्णनात्मक हुन्छन्; तिनले तथ्याङ्कका मुख्य पक्षहरूलाई व्यवस्थित गर्छन् । वर्गहरूको विश्लेषणपछि तिनबाट व्यापक र अवधारणात्मक स्तरका विषय निर्माण गरिन्छ । विषयले विभिन्न वर्गहरूबीचको सम्बन्ध र अन्तर्निहित अर्थलाई समेट्छ । वास्तवमा यी विषयहरू नै विश्लेषणको उच्च तहका सङ्रचना हुन्, जसले अनुसन्धानको केन्द्रीय अर्थ प्रकट गर्छन् (जेभन्स, १८९१) ।


विषय निर्माणपछि पुनः तथ्याङ्कसँग तुलना गरी ती विषयहरू पर्याप्त रूपमा प्रतिनिधित्वकारी छन् वा छैनन् भनी जाँच गर्नु पर्छ । आवश्यक परे वर्ग र विषयहरू परिमार्जन गरिन्छन् । अन्ततः प्रत्येक विषयलाई स्पष्ट रूपमा परिभाषित गरी त्यससँग सम्बन्धित प्रमाणस्वरूप उद्धरणहरू समावेश गरिन्छन् । यसरी गुणात्मक अनुसन्धानमा विषय र वर्ग निर्माण प्रक्रिया क्रमिक, पुनरावलोकन-आधारित र अर्थ-केन्द्रित हुन्छ (स्पाङ्गलर, १९९८) । तथ्याङ्कबाट कोड, कोडबाट वर्ग, र वर्गबाट विषय निर्माण हुँदै अध्ययनको गहिरो अर्थ स्पष्ट गरिन्छ । यस अध्ययनमा पनि विभिन्न कृतिहरू सङ्कलनदेखि विश्लेषण, कोडिङ, विषयवस्तु निर्माण, सिद्धान्तको विकाससम्म अघि बढ्ने कार्य गरिएको थियो । वास्तविक अनुभवबाट सामान्य निष्कर्ष र परिकल्पना निर्माण गरिएको हुनाले यो आगमनात्मक अनुसन्धानको स्पष्ट र सुसङ्गत उदाहरण हो ।

**निगमनात्मक विधि (Deductive Method)**

निगमन विधिमा तथ्याङ्क विश्लेषणको प्रक्रिया पूर्वनिर्धारित सिद्धान्त वा कुनै पनि अवधारणा वा ढाँचाबाट सुरु हुन्छ र त्यसको आधारमा सङ्कलित तथ्याङ्कको परीक्षण गरिन्छ । यस विधिमा अनुसन्धानकर्ताले पहिले नै सैद्धान्तिक सङ्रचना, प्रमुख अवधारणाहरू वा परिकल्पना स्पष्ट गरेका हुन्छन् (लिङ्कन र गुबा, १९८५) । त्यसपछि वास्तविक तथ्याङ्कलाई ती सैद्धान्तिक कोटी, वर्ग वा सूचकहरूको आधारमा विश्लेषण गरिन्छ । यसरी निगमन विश्लेषणमा सोचाइको दिशा सामान्य सिद्धान्तबाट विशिष्ट तथ्याङ्कतर्फ उन्मुख हुन्छ (चित्र नं. २) । निगमन विधिमा कोडिङ् प्रक्रिया सैद्धान्तिक संरचना, पूर्वनिर्धारित अवधारणा र परिकल्पनाबाट निर्देशित हुन्छ । यस विधिमा अनुसन्धानको आरम्भ नै सिद्धान्तबाट हुने भएकाले तथ्याङ्कलाई अर्थ दिने वर्ग र उप-वर्गहरू अनुसन्धान प्रारम्भ हुनुअघि नै स्पष्ट गरिएका हुन्छन् (माइल्स र ह्युबरम्यान, १९९४; लिङ्कन र गुबा, १९८५) । त्यसैले यसमा कोडिङ प्रक्रिया अन्वेषणात्मक भन्दा बढी पुष्टिकरणात्मक प्रकृतिको हुन्छ, जसको उद्देश्य सङ्कलित तथ्याङ्कलाई पूर्वनिर्धारित सैद्धान्तिक ढाँचाभित्र व्यवस्थित गरी परीक्षण गर्नु हो ।

**चित्र २:**

निगनात्मक विधिको रूपरेखा




निगमन विधिमा सबैभन्दा पहिले अनुसन्धानकर्ताले सैद्धान्तिक ढाँचा वा अवधारणात्मक रूपरेखा निर्माण गर्छन् । उदाहरणका लागि, गुणात्मक अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्षलाई वैद्य र भरपर्दो बनाउन र यसका प्रमुख आधारहरू प्रमाणितकता (क्रेडिविलिटी), स्थानान्तरणयोग्यता (ट्रन्सफरेबिलिटी), निर्भरयोग्यता ( डिपेन्डेविलिटी) र पुष्टियोग्यता (कन्मर्फबिलिटी) लाई प्रमुख विषय (थीम) र वर्ग (क्याटागोरी) का रूपमा पूर्व निर्धारित गरिएको थियो । यसका साथसाथै अन्य नौ वटा वर्गहरू र आवश्यकता अनुसार उप-वर्गहरू पनि पूर्वनिर्धारण गरिएको थियो । यस चरणमा अनुसन्धान प्रश्न र परिकल्पना स्पष्ट, सीमित र सैद्धान्तिक रूपमा निर्देशित हुन्छन् ।

यस अध्ययनका लागि सिद्धान्त, विषय र वर्ग निर्धारण गरी सकेपछि छनोट गरिएका कृतिहरूलाई ध्यानपूर्वक दोहोऱ्याइ तेहेऱ्याई अध्ययन गरेर पूर्वनिर्धारित वर्गहरूका आधारमा सङ्रचित वा सैद्धान्तिक कोडिङ सुरु गरियो । निगमनात्मक विश्लेषणमा कोडिङ प्रायः दुई तरिकाले गरिएको थियो (मेरियम, २००९) । पहिलो, पूर्वनिर्धारित कोडहरूको सूची तयार गरी त्यही सूचीअनुसार तथ्याङ्क वर्गीकृत गरिएको थियो । वर्ग निर्माणको सन्दर्भमा, निगमन विधिमा वर्गहरू प्रायः तथ्याङ्क विश्लेषण अघि नै प्रत्येक वर्गको स्पष्ट परिभाषा, सूचक र सीमाना पनि तय गरिएको थियो । दोस्रो, यदि तथ्याङ्कमा नयाँ वा अप्रत्याशित आयाम देखा परेको खण्डमा पूरक कोडहरू थपिएको थियो, तर त्यसले मूल सैद्धान्तिक ढाँचालाई परिमार्जन नगरी पूरक रूपमा विस्तार गरिएको थियो । निगमन विधि पूर्ण रूपमा बन्द सङ्रचना होइन; तर यसको मूल निर्देशन सैद्धान्तिक आधारमै टिकेको हुन्छ (प्याटन, १९८०) ।

विषय निर्माण प्रक्रिया पनि निगमन विधिमा सैद्धान्तिक रूपमा निर्देशित थियो । विभिन्न वर्गहरूको विश्लेषणपछि ती वर्गहरूले समर्थन गर्ने वा खण्डन गर्ने व्यापक सैद्धान्तिक अर्थ पहिचान गरिएको थियो । विषयहरू (थीमहरू) यहाँ पूर्ण रूपमा नयाँ खोज नभई, सिद्धान्तसँग सम्बन्धित ढाँचाको पुष्टि, परिमार्जन वा आलोचनात्मक परीक्षणका रूपमा विकसित हुन्छन् (श्वान्ट र हेल्पर्न, १९८८) । यसपछि मैले तथ्याङ्क र सैद्धान्तिक ढाँचाबीचको सुसङ्गतता परीक्षण गरेको थिए । यसबाट परिकल्पना समर्थित छ कि छैन, सिद्धान्तले तथ्याङ्कलाई पर्याप्त रूपमा व्याख्या गर्छ कि गर्दैन, वा सैद्धान्तिक ढाँचामा संशोधन आवश्यक छ कि छैन भन्ने कुरा विश्लेषण गरियो । यस चरणमा तुलना, तर्क र प्रमाणको गहिरो परीक्षण गरिएको थियो (स्पाङ्गलर, १९९८) । अन्ततः प्रत्येक विषयलाई स्पष्ट रूपमा परिभाषित गरी सम्बन्धित प्रमाण प्रस्तुत गरिएको छ । यदि तथ्याङ्कले पूर्वनिर्धारित वर्गहरूलाई समर्थन गर्छ भने सिद्धान्तको पुष्टि हुन्छ; यदि तथ्याङ्कले भिन्न परिणाम देखाउँछ भने सिद्धान्त परिमार्जन वा पुनर्व्याख्या गर्नुपर्ने आवश्यकता देखिन्छ (क्रेसवेल र बाएज, २०२०) ।

यसरी निगमन विधिमा तथ्याङ्क विश्लेषण सिद्धान्तबाट सुरु भई सिद्धान्तको परीक्षणतर्फ अघि बढ्छ । यसैगरी पूर्वनिर्धारित वर्गहरूका आधारमा कोडिङ गरिन्छ, वर्गहरूबाट सैद्धान्तिक रूपमा निर्देशित विषयहरू निर्माण गरिन्छन्, र अन्ततः सिद्धान्तको पुष्टि हुन्छ अथवा पुनर्संरचना गरिन्छ (श्वान्ट, १९९७; स्पाङ्गलर, १९९८) । सामान्य सिद्धान्तबाट विशिष्ट तथ्याङ्कतर्फ गइ पुनः सिद्धान्तको वैधता परीक्षण गर्नु नै निगमन विधिको मूल विशेषता हो । र यही विधिलाई यस अध्ययनमा अनुसरण गरिएको थियो । अनुसन्धान प्रक्रियामा आगमन र निगमन दुवै विधि उत्तिकै महŒवपूर्ण हुन्छन् । तर सूचना तथा तथ्याङकहरूको विश्लेषण गर्दा यी विधिहरू प्रयोग गर्ने ज्ञान र सीप अनुसन्धानकर्तासँग हुन जरूरी हुन्छ । यी दुवै विधिहरू उपयुक्त र प्रभावकारी ढंगले प्रयोग गर्न सकेको खण्डमा यसबाट विश्वसनीय र वैद्य नतिजा प्राप्त गर्न सकिन्छ ।

## नतिजा तथा प्राप्तिहरू

यस खण्डमा अध्ययनबाट प्राप्त भएका विभिन्न तीनवटा दृष्टिकोणहरू, तीनवटा प्रतिमान र ती प्रतिमान तथा दृष्टिकोणसँग सम्बन्धी गुणात्मक अनुसन्धानको विधि र निष्कर्षको वैद्यता, विश्वसनीयता र पुष्टिकरणयोग्यता जस्ता विभिन्न पक्षहरू मूल्याङ्कन गर्ने नौवटा रणनीतिहरूका बारेमा गहनरूपमा विश्लेषण गरिएको छः

### अनुसन्धानकर्ताको दृष्टिकोण (Research's Lens)

यस अध्ययनबाट प्राप्त पहिलो शीर्षक अनुसन्धानकर्ताको दृष्टिकोण हो । यस शीर्षक अर्न्तगत पनि प्रमुखरूपमा तीनवटा रणनीतिहरू त्रिकोणीकरण, अस्विकृत (असङ्गत) प्रमाण र अनुसन्धानकर्ताको आत्मचिन्तनका बारेमा तलका अनुच्छेदहरू बारेमा छलफल गरिएको छ ।

#### *त्रिकोणीकरण (Triangulation)*

त्रिकोणीकरणको अवधारणा समुद्री नेभिगेसनबाट आएको हो, जहाँ नाविकहरूले आफ्नो जहाजको सही दिशा पत्ता लगाउन टाढा-टाढा रहेका बिन्दुहरूको त्रिकोणीकरण गर्थे (जिक, १९७९) । गुणात्मक अनुसन्धानमा त्रिकोणीकरण भनेको एउटै परिघटना वा विषयवस्तुलाई अध्ययन गर्न धेरै तथ्याङ्कका स्रोत, विधि, अनुसन्धानकर्ता वा सिद्धान्तहरूको प्रयोग गर्ने अभ्यास हो । यसले अनुसन्धानलाई विभिन्न दृष्टिकोणबाट हेरेर अध्ययनको निष्कर्षको वैधता, विश्वासयोग्यता र गहिराइ बढाउँछ र एउटै तरिकासँग सम्बन्धित पूर्वाग्रहलाई कम गर्छ । त्रिकोणीकरण एक वैधता प्रक्रिया हो जसमा अनुसन्धानकर्ताहरूले अध्ययनको लागि विषयवस्तु वा वर्गहरू बनाउन धेरै र फरक-फरक सूचना स्रोतबाट समानता वा मेल खाने तथ्यहरू खोज्ने कार्य गर्छन् । अर्को शब्दमा भन्दा, त्रिकोणीकरण अनुसन्धान प्रक्रियामा वैधता सुनिश्चित गर्ने एक प्रक्रिया हो, जसमा अनुसन्धानकर्ताले अध्ययनमा प्राप्त सूचना वा तथ्याङ्कका विभिन्न स्रोतबीच समानता वा मेल खोज्ने काम गर्छन्, ताकि विषयवस्तु र वर्गहरूको विश्वसनीयता र सुसङ्गत निर्माण गर्न सकियोस् । डेन्जिन (१९७८) ले त्रिकोणीकरण चार प्रकारको भएको बताएका छन्ः सूचना स्रोतबीच (जस्तै सहभागीहरू), सिद्धान्तबीच, विधि-विधानबीच (जस्तै अन्तर्वार्ता, अवलोकन, कागजातहरू), र फरक-फरक अनुसन्धानकर्ताबीच । यसरी त्रिकोणीकरणले अनुसन्धानलाई गहिरो, विश्वसनीय र बहुआयामिक बनाउँछ ।

त्रिकोणीकरण गुणात्मक अनुसन्धानमा वैधता सुनिश्चित गर्ने एक प्रमुख रणनीति, जसमा अनुसन्धानकर्ताले केवल आफ्नै दृष्टिकोण प्रयोग गरेर तथ्याङ्कलाई व्यवस्थित तरिकाले वर्गीकरण गरेर त्यसबाट साझा विषयवस्तु वा वर्गहरू पहिचान गर्छन्, र दोहोरिएका विषयवस्तु वा वर्गहरू हटाउँछन् । यस प्रक्रियामा अनुसन्धानकर्ताले विभिन्न रणनीतिहरू जस्तै अवलोकन, अन्तर्वार्ता र दस्तावेजहरूको अध्ययन मार्फत सङ्कलित तथ्य पुष्टि गर्ने प्रमाणहरू प्रयोग गर्छन्, जसले मुख्य र साना विषयवस्तुहरू दुवै स्पष्ट बनाउन मद्दत गर्छ । यसरी कथन वा विवरण वैध बनाउन अनुसन्धानकर्ताले अध्ययनमा एउटै घटना वा तथ्याङ्कमा मात्र भर नपरी, आफ्नो दृष्टिकोण र अन्य विभिन्न प्रमाणहरू प्रयोग गरेर निष्पक्ष, विश्वसनीय र गहिरो रूपमा विश्लेषण गर्छन् ।

#### *असंगत वा अस्वीकृत प्रमाण (Disconfirming Researcher Evidence)*

त्रिकोणीकरण सँग नजिकबाट सम्बन्धित एउटा प्रक्रिया भनेको अनुसन्धानकर्ताहरूले अस्वीकृत वा नकारात्मक प्रमाण खोज्ने अभ्यास हो (माइल्स र हुबरम्यान, १९९४) । यस प्रक्रियामा अनुसन्धानकर्ताहरूले पहिले अध्ययनमा प्रारम्भिक विषयवस्तु वा वर्गहरू स्थापना गर्छन् र त्यसपछि तथ्याङ्कमा ती विषयवस्तुसँग मेल खाने वा अस्वीकृत गर्ने प्रमाण खोज्छन् । यस प्रक्रियामा अनुसन्धानकर्ताले आफ्नै दृष्टिकोणमा भरोसा गर्छन्, र यसलाई निर्माणवादी दृष्टिकोणको अभ्यास मानिन्छ किनभने यो अन्य प्रक्रियाहरूको तुलनामा कम प्रणालीबद्ध हुन्छ र कुनै विषयवस्तु वा वर्गका सबै दृष्टिकोणहरूलाई ध्यानपूर्वक हेर्ने प्रक्रियामा आधारित हुन्छ ।

अस्वीकृत प्रमाणको प्रक्रिया गुणात्मक अनुसन्धानमा वैधता सुनिश्चित गर्ने एउटा महत्वपूर्ण अभ्यास हो, जसमा अनुसन्धानकर्ताले केवल आफ्नै दृष्टिकोण प्रयोग गरेर अध्ययनमा प्रारम्भिक रूपमा पहिचान गरिएका

विषयवस्तु वा वर्गहरूको पुष्टि वा अस्वीकृति गर्ने प्रमाण खोज्छन् । यस प्रक्रियामा अनुसन्धानकर्ताले तथ्याङ्कलाई ध्यानपूर्वक विश्लेषण गरी ती विषयवस्तुसँग मेल खाने वा नखाने प्रमाणहरू पहिचान गर्छन्, जसले अनुसन्धानलाई निष्पक्ष र सुसङ्गत बनाउँछ। यो अभ्यास निर्माणवादी दृष्टिकोणमा आधारित हुन्छ, किनभने यो अन्य प्रक्रियाहरूको तुलनामा कम प्रणालीबद्ध हुन्छ र विषयवस्तु वा वर्गका सबै सम्भावित दृष्टिकोणहरू समेटेर अध्ययन गर्नेमा केन्द्रित हुन्छ । यसरी अनुसन्धानले केवल प्रारम्भिक निष्कर्षमा निर्भर नहुने गरी तथ्याङ्क र दृष्टिकोणहरूको व्यापक मूल्याङ्कन गरेर निष्कर्षको विश्वासयोग्यता र वैधता बढाउँछ ।

अस्वीकृत प्रमाण खोज्ने प्रक्रिया गुणात्मक अनुसन्धानमा चुनौतीपूर्ण हुन्छ । किनभने अनुसन्धानकर्ताहरू प्रायः आफ्नो प्रारम्भिक अनुमान वा धारणासँग मेल खाने पुष्टि गर्ने प्रमाण खोज्न इच्छुक हुन्छन् र अस्वीकृत प्रमाणमा कम ध्यान दिन्छन् । यस प्रक्रियामा सुनिश्चित गर्नुपर्छ कि अस्वीकृत प्रमाणले पुष्टि गर्ने प्रमाणलाई अधिग्रहण नगरेको होस् । तर कथनको वैधता पुष्टि गर्न अस्वीकृत प्रमाणको खोज अत्यन्त महत्वपूर्ण हुन्छ । किनभने यसले कथनको विश्वासयोग्यता बढाउँछ र वास्तविकता बहुपक्षीय र जटिल रहेको निर्माणवादी दृष्टिकोणलाई समर्थन गर्दछ । यसरी अनुसन्धानले केवल सहज मेल खाने तथ्याङ्कमा सीमित नहुने गरी, विभिन्न दृष्टिकोण र प्रमाणहरूमा ध्यान दिँदै निष्कर्षलाई अधिक सुसङ्गत र विश्वसनीय बनाउँछ । मानौं कुनै अनुसन्धानकर्ताले कुनै विद्यालयको कक्षा ८ को अङ्ग्रेजी विषयका विद्यार्थीहरूलाई समालोचनातमक शिक्षण विधिको प्रयोग गरी शिक्षण गरे पछि विद्यार्थीको सिकाइ सुधार भयो भन्ने प्रारम्भिक निष्कर्ष निकाले । उनले धेरै विद्यार्थीसँग अन्तर्वार्ता लिए, र धेरैले शिक्षण सिकाइ रोचक र प्रभावकारी भएको बताए । तर अनुसन्धानकर्ताले केही विद्यार्थीहरूको भनाइ पनि फेला पारे, जसले भने कि यस सिकाइ विधि पुरानो विधि भन्दा कठिन भएकोले प्रभावकारी छैन । यी नकारात्मक वा विपरीत भनाइहरू नै अस्वीकृत प्रमाण हुन् ।

### *अनुसन्धानकर्ताको आत्म-चिन्तन (Researcher Reflection)*

वैधता सुनिश्चित गर्ने अर्को प्रक्रिया भनेको अनुसन्धानकर्ताले आफ्ना धारणा, विश्वास र पूर्वाग्रहहरू खुला रूपमा व्यक्त गर्नु हो । यस प्रक्रियामा अनुसन्धानकर्ताले आफ्ना व्यक्तिगत विश्वास, मूल्य र पूर्वाग्रहहरूले अनुसन्धानलाई कसरी प्रभाव पार्न सक्छन् भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्छन् । अनुसन्धानको सुरुमै आफ्ना प्रारम्भिक धारणा र पूर्वाग्रहहरू स्वीकार गरी वर्णन गर्नु ज्यादै नै महत्वपूर्ण हुन्छ, ताकि पाठकहरूले अनुसन्धानकर्ताको दृष्टिकोण बुझ्न सकून् । त्यसपछि अनुसन्धान अगाडि बढ्दै जाँदा ती पूर्वाग्रहहरूलाई अलग राख्ने वा नियन्त्रण गर्ने प्रयास गरिन्छ । यो प्रक्रिया अनुसन्धानकर्ताको आफ्नै दृष्टिकोणमा आधारित भए तापनि यसलाई समालोचनात्मक प्रतिमानअन्तर्गत राखिन्छ, जहाँ व्यक्तिले आफ्नो व्याख्यालाई प्रभाव पार्ने सामाजिक, सांस्कृतिक र ऐतिहासिक पक्षहरूबारे आत्म-चिन्तन गर्छ ।

अनुसन्धानकर्ताहरूले आफ्नो आत्म-चिन्तन अनुसन्धानको प्रतिवेदनमा समावेस गर्न लागि विभिन्न तरिकाहरू प्रयोग गर्न सक्छन् । उनीहरूले अनुसन्धानकर्ताको भूमिका भन्ने छुट्टै शीर्षक बनाएर त्यसबारे लेख्न सक्छन् र प्रतिवेदनको अन्त्यमा छोटो टिप्पणी अथवा उपसंहारका रूपमा पनि थप्न सक्छन् । त्यसैगरी, नतिजाको छलफल गर्ने क्रममा आफ्ना व्याख्यात्मक टिप्पणीहरू पनि समावेश गर्न सक्छन् । केही अवस्थामा, विशेष गरी फेनोमेनालोजी विधिमा, अनुसन्धानकर्ताले आफ्ना व्यक्तिगत अनुभवहरू वर्णन गरेर आफूलाई केही हदसम्म अलग राख्ने प्रयास गर्छन् ।

अनुसन्धानकर्ताको अवस्थिति (Researcher's Positionality) अनुसन्धानकर्ताको आत्म-चिन्तनको एक अत्यन्त महत्वपूर्ण हिस्सा हो । यसले अनुसन्धानकर्ताको सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक, शैक्षिक वा पेशागत अवस्थाले अनुसन्धानलाई कसरी प्रभाव पार्छ भन्ने कुरा स्पष्ट गर्छ । अर्थात् अनुसन्धानकर्ता को हुन् र कुन स्थानबाट विषयलाई हेर्दैछन् भन्ने कुरा समेटिन्छ । अवस्थितिमा सामाजिक पहिचान जस्तैः लिङ्ग, जात/समुदाय, वर्ग आदि, शैक्षिक र पेशागत पृष्ठभूमि, अनुसन्धान विषयसँगको सम्बन्ध (भित्रको व्यक्ति/बाहिरको व्यक्ति), सत्ता र शक्ति सम्बन्ध, तथा व्यक्तिगत अनुभवहरू समावेश गर्न सकिन्छ । यसले विषयवस्तुलाई बुझ्ने तरिकामा प्रभाव पार्छ । आत्म-चिन्तन र अवस्थिति (Reflexivity र Positionality) बीचमा फरक रहेको छ ।

आत्म-चिन्तनमा अनुसन्धानकर्ताले आफ्ना धारणा, विश्वास र पूर्वाग्रहबारे निरन्तर आत्म-चिन्तन स्पष्ट गर्छ, भने अवस्थिति अनुसन्धानकर्ताको सामाजिक र व्यक्तिगत अवस्थाले अनुसन्धानमा पार्ने प्रभावको स्पष्ट विवरण हो । यसैले अवस्थितिलाई अनुसन्धानकर्ताको आत्म-चिन्तन भित्र उपशीर्षकको रूपमा समावेश गर्नु उपयुक्त हुन्छ, जसले अनुसन्धानलाई पारदर्शी, सुसंगत र विश्वसनीय बनाउँछ। अनुसन्धानकर्ताको आत्म-चिन्तन शीर्षक अर्न्तगत अनुसन्धानकर्ताको भूमिका, र अनुसन्धानकर्ताको अवस्थिति आदि (Role of the Researcher, Researcher's Positionality, र Assumptions and Biases) जस्ता उपशीर्षकहरूसहित प्रस्तुत गर्न सकिन्छ। अनुसन्धानकर्ताको अवस्थितिले अनुसन्धानकर्ताको स्थिति प्रष्ट गर्ने कार्य त गर्दछ । यसका साथै यसले अनुसन्धान विधि, प्रक्रिया, निष्कर्ष समेत वैद्य र विश्वसनीय पनि बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## सहभागीको दृष्टिकोण (Research's Lens)

यस अध्ययनको दोस्रो शीर्षक सहभागीको दृष्टिकोण हो । यस खण्डमा तीनवटा रणनीतिहरू सदस्य जाँच, दिर्घकालिन सङ्लग्नता, सहकार्यका बारेमा तलका अनुच्छेदहरू बारेमा छलफल गरिएको छ ।

### *सदस्य-जाँच (Member Checking)*

सदस्य-जाँच एक प्रक्रिया हो जसले गुणात्मक अनुसन्धानमा वैधता सुनिश्चित गर्न सहयोग गर्छ । यस प्रक्रियामा अनुसन्धानकर्ताले मात्र नभई अध्ययनका सहभागीहरूलाई पनि अनुसन्धानको केन्द्रमा राख्छन् । यसको अर्थ, अनुसन्धानकर्ताले सङ्कलन गरेको तथ्याङ्क र तयार गरेको व्याख्या वा कथन सहभागीहरूलाई प्रदान गरी उनीहरूलाई त्यसको वैद्यता पुष्टि गर्न वा टिप्पणी गर्न लगाइन्छ । यसले अनुसन्धानको विधि र निष्कर्षलाई पारदर्शी बनाउँछ र सहभागीहरूले गरेको पुष्टि अन्तिम नतिजामा समावेश गर्दा अध्ययन अझ सुसङ्गत र वैद्य र विश्वासयोग्य हुन्छ ।

सदस्य-जाँचका लागि विभिन्न तरिकाहरू अपनाउन सकिन्छ। उदाहरणका लागि, सहभागीहरूको लक्षित समूह निर्माण गरी अनुसन्धानका नतिजाहरू समीक्षा गराउन सकिन्छ, वा कच्चा तथ्याङ्क (जस्तै प्रतिलिपि वा अवलोकन नोटहरू) हेरेर यसको यर्थाथताको बारेमा टिप्पणी पनि गर्न लगाउन सकिन्छ । यस क्रममा सहभागीहरूलाई सोधिन्छ कि विषयवस्तु वा वर्गहरू बुझ्न सजिलो छ कि छैन, पर्याप्त प्रमाणको आधारमा तयार गरिएको छ कि छैन, र समग्र विवरण यथार्थपरक र सही छ कि छैन । यसरी सदस्य-जाँचले सहभागीहरूलाई अनुसन्धानमा प्रत्यक्ष भाग लिन अवसर दिन्छ र अनुसन्धानको वैद्यता, विश्वसनीयता र भरोसायोग्यताको गुणस्तर पनि बढाउँछ ।

### *लामो समय अध्ययन क्षेत्रमा सङ्लग्नता (Prolonged Engagement in the Field)*

अर्को वैधता सुनिश्चित गर्ने प्रक्रिया भनेको अनुसन्धानकर्ताले अनुसन्धान स्थलमा लामो समयसम्म सङ्लग्न रहनु पनि हो । फेटरम्यान (१९८९) अनुसार, “लामो समयसम्म दिनरात मानिसहरूसँग काम गर्नु नै एथ्नोग्राफिक अनुसन्धानलाई वैधता र जीवन्तता दिने कार्य हो” (पृ.४६) । बारम्बार अवलोकन गर्ने क्रममा अनुसन्धानकर्ताले सहभागीहरूसँग विश्वास निर्माण गर्छन्, मानिस र स्थलमा पहुँच दिन गेटकीपरहरू फेला पार्छन्, र सहभागीहरूले सहज रूपमा जानकारी साझा गर्न सकून् भनेर सम्बन्ध स्थापना गर्छन् । यस दृष्टिकोणको उद्देश्य वैद्य र विश्वासयोग्य कथन तयार पार्नका लागि पूर्ण र घनिष्ट केस निर्माण गर्नु हो ।

लामो समयसम्म क्षेत्रमा बस्दा निष्कर्षको प्रमाण बलियो हुन्छ किनभने अनुसन्धानकर्ताले तथ्याङ्क र आफ्ना अनुमानहरू जाँच गर्न सक्छन् र अन्तर्वार्ता डेटा र अवलोकन डेटा सँग तुलना गर्न सक्छन् । यो प्रक्रिया प्रणालीबद्ध रूपमा निश्चित गरिएको हुँदैन, तर निर्माणवादीहरूले स्वीकार गर्छन् कि क्षेत्रमा जति लामो समय बसिन्छ, त्यति नै सहभागीहरूबाट बहुपरिप्रेक्ष्यमा आधारित विचारहरू सुन्न पाइन्छ र सहभागीहरूको दृष्टिकोणको सन्दर्भ बुझ्ने क्षमता अझ राम्रो हुन्छ । व्यवहारमा, क्षेत्रमा दीर्घकालीन सङ्लग्नताको निश्चित अवधि हुँदैन, तर उदाहरणका लागि एथ्नोग्राफरहरूले कुनै स्थलमा ४ महिनादेखि १ वर्षसम्म समय बिताउँछन् ।

***सहकार्य (Collaboration)***

अनुसन्धानको क्रममा सहभागीहरूसँग सहकार्य गरेर पनि विश्वसनीय र वैद्य तथ्याङ्क वा सूचना प्राप्त हुन्छ । सहकार्यको अर्थ हो कि सहभागीहरूलाई अनुसन्धान कार्यमा सह-अनुसन्धानकर्ता वा अन्य कुनै न कुनै तरिकाबाट सहभागी गरिन्छ । यो वैधताको दृष्टिकोणले सहभागीहरूको दृष्टिकोणलाई अध्ययनमा समावेश गर्ने काम गर्छ । यो आलोचनात्मक प्रतिमानसँग सम्बन्धित रणनीति हो । किनभने यसको मुख्य उद्देश्य नै अध्ययनमा सहभागीहरूको सम्मान र समर्थन जुटाउनु हो, उनीहरूलाई थप सीमान्तीकृत गर्नु होइन । वास्तविक अभ्यासमा, सहकार्य विभिन्न प्रकारले गर्न सकिन्छ । उदाहरणका लागि, सहभागीहरूले अनुसन्धान प्रश्न तयार गर्न मद्दत गर्न सक्छन्, तथ्याङ्क सङ्कलन र विश्लेषणमा सहयोग पुऱ्याउन सक्छन्, र कथन लेखन प्रक्रियामा सहभागी हुन सक्छन् । केही गुणात्मक अनुसन्धानकर्ताहरूले लाभ, जस्तै पुस्तकको रोयल्टी वा सह-लेखक प्रकाशन अधिकार, साझेदारी गर्न सक्छन् । सहकार्य गर्दा सबै सदस्यहरू सन्तुष्ट पनि हुन्छन् र यसले सूचना तथा तथ्याङ्क प्राप्त गर्न सजिलो बनाउँछ । सहभागीहरूलाई सक्रिय रूपमा अध्ययनमा समावेश गरेर गुणात्मक अनुसन्धानकर्ताले आफ्नो कथनमा थप विश्वसनीयता र वैद्यता स्थापना गर्न सक्छन् ।

## बाह्य व्यक्तिको दृष्टिकोण (External People's Lens)

यस अध्ययनका सूचना तथा तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त तेस्रो महŒवपूर्ण शीर्षक बाह्य व्यक्तिको दृष्टिको हो । यस खण्डमा लेखापरीक्षण, समृद्ध वर्णन, सहकर्मी समिक्षा गरी तीनवटा रणनीतिहरूका बारेमा गहनरूपमा विश्लेषण गरिएको छ ।

***लेखापरीक्षणको प्रक्रिया (Audit Trail)***

गुणात्मक अनुसन्धानमा लेखापरीक्षणको प्रक्रिया भन्नाले अनुसन्धान परियोजनाको सुरुवातदेखि प्रतिवेदन प्रस्तुत गर्ने चरणसम्म गरिएका सबै अनुसन्धान गतिविधि, निर्णय, सूचना जानकारी र तथ्याङ्कहरूलाई वैज्ञानिक, पारदर्शी, विस्तृत र समयक्रमअनुसार राखिएको अभिलेख हो । यी सबै कार्यहरूलाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्नु नै लेखापरीक्षणका लागि आधार तयार गर्नु हो । यसले बाह्य परीक्षकलाई अनुसन्धानकर्ताले अपनाएको विधि र प्रक्रियालाई सजिलै पछ्याउन सक्ने बनाउँछ र अनुसन्धानको वैद्यता, विश्वासयोग्यता, स्थायित्व र पुष्टि-योग्यतालाई सुदृढ बनाउँछ । अनुसन्धानकर्ताले अनुसन्धानको सम्पूर्ण अवधिको अथवा अनुसन्धानको शुरूआत देखि अन्त्यसम्म गरिएका सबै गतिविधिहरू, निर्णयहरू र विधिसम्बन्धी छनोटहरूको व्यवस्थित, विस्तृत र समयक्रम मिलाएर अभिलेखीकरण गर्नु पर्छ । यस्तो अभिलेखीकारणले कच्चा तथ्याङ्कदेखि अन्तिम निष्कर्षसम्म अनुसन्धान कसरी अघि बढ्यो भन्ने कुराको जानकारी स्पष्ट र पारदर्शिरूपमा बाह्य अवलोकनकर्ता समक्ष प्रस्ततु गर्छ र यसले मूल्याङ्कनकर्तालाई लेखाजोखा गर्न सहज हुन्छ । यस प्रक्रियाले अनुसन्धानको पारदर्शिता, विश्वसनीयता वैद्यता र गम्भिरतालाई भरपर्दो र मजबुत बनाउँछ ।

कुनै अध्ययनको वैद्यता परियोजनासँग सम्बन्धित बाह्य व्यक्तिहरूमा निर्भर हुन्छ, जस्तै लेखापरीक्षक, जो औपचारिक रूपमा अध्ययनमा सामेल गरिएका हुन्छन् वा पाठकहरू, जो कथात्मक विवरणको समीक्षा गरी यसको विश्वसनीयता प्रमाणित गर्छन् । लेखापरीक्षणको प्रक्रिया स्थापना गर्दा अनुसन्धानकर्ताहरूले अनुसन्धानसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू र निर्णयहरूको स्पष्ट अभिलेखहरू बाह्य मूल्याङ्कनकर्ता समक्ष प्रस्तुत गर्छन् । उनीहरूले लेखापरीक्षणको प्रमाण कथनभित्र नै वा परिशिष्टहरूमा देखाउन सक्छन् । औपचारिक लेखापरीक्षणको उद्देश्य अनुसन्धानको प्रक्रिया र परिणाम दुवैको समीक्षा गर्नु र निष्कर्षहरूको विश्वासयोग्यता र वैद्यता निर्धारण गर्नु हो ।

लिङ्कन र गुबा (१९८५) ले गुणात्मक अनुसन्धानको लेखापरीक्षणलाई आर्थिक लेखापरीक्षणसँग तुलना गर्दै यसको महत्व स्पष्ट पारेका छन् । जसरी आर्थिक लेखापरीक्षणमा बाह्य परीक्षकले सबै कागजात र अभिलेख जाँचेर निष्कर्ष निकाल्छ, त्यसरी नै गुणात्मक अनुसन्धानमा पनि अनुसन्धानकर्ताले गरेका काम, निर्णय र प्रक्रियाहरूको व्यवस्थित अभिलेख बाह्य व्यक्तिले अध्ययन गरेर अनुसन्धानको वैद्यता र विश्वसनीयता मूल्याङ्कन

गर्छ । यस्तो परीक्षण विशेषगरी विद्यावारिधि शोधप्रबन्धजस्ता औपचारिक अध्ययनहरूमा उपयोगी हुन्छ, जहाँ समितिका सदस्यहरू प्रायः परिमाणात्मक अनुसन्धानमा प्रशिक्षित हुने भएकाले गुणात्मक अध्ययनप्रति उनीहरूको शङ्का हुन सक्छ । अडिट प्रक्रियाले अनुसन्धानलाई गम्भिरता, स्पष्टता र भरोसा प्रदान गर्छ, किनकि अन्तिम विश्लेषण परियोजनाबाहिरका निष्पक्ष समीक्षकले उपलब्ध कागजातहरूको सावधानीपूर्वक अध्ययन गरेर तयार गर्छन् ।

सामान्यतया लेखा परीक्षणलाई सामान्यतया आर्थिक क्षेत्रमा विभिन्न कारोवारहरू सही र उपयुक्त तरिकाबाट राखिएका छन् वा छैनन् भन्ने कुरा जान्नका लागि गर्ने गरिन्छ । यसका साथै आर्थिक कारोवारहरू कति पारदर्शि तरिकाले राखिएको छ र ती कारोवार ऐन, कानुन र नियम अनुसार गरिएका छन् वा नियम विपरित पनि छन् भन्नका लागि लेखा परीक्षण गर्ने गरिन्छ । श्वान्ड्ट र ह्याल्पर्न, (१९८८) ले लेखा परीक्षणलाई अनुसन्धानको विश्वसनीयता सुनिश्चित गर्ने महत्वपूर्ण प्रक्रिया मानेका छन्, जसमा अनुसन्धानकर्ताले आफ्नो सम्पूर्ण अनुसन्धान यात्रालाई डायरी, मेमो, लगबुक, तथ्याङ्क सङ्कलनको समयक्रम र विश्लेषणका चरणहरू स्पष्ट रूपमा अभिलेखीकरण गर्छ । यसरी तयार पारिएको कागजातलाई बाह्य अडिटरले ध्यानपूर्वक अध्ययन गरी निष्कर्षहरू तथ्याङ्कमा आधारित छन् कि छैनन्, तर्कहरू प्रमाणमा आधारित र उचित छन् कि छैनन्, वर्गीकरण सङ्रचना उपयुक्त छ कि छैन, निर्णय तथा विधिगत परिवर्तनहरू उचित रूपमा व्याख्या गरिएका छन् कि छैनन्, अनुसन्धानकर्ताको पूर्वाग्रहको स्तर के कति छ र वैद्यता बढाउन के कस्ता उपायहरू अपनाइएका छन् भन्ने प्रश्नहरूको आधारमा अनुसन्धान प्रक्रिया र निष्कर्षको मूल्याङ्कन गर्छ । यस्तो व्यवस्थित अभिलेखीकरण र निष्पक्ष बाह्य समीक्षा भएपछि अनुसन्धानको सम्पूर्ण विवरण वैद्य, भरोसायोग्य र विश्वसनीय बन्छ ।

***विस्तृत विवरण (Thick Description)***

गुणात्मक अनुसन्धानमा विस्तृत वर्णन (थिक डिस्क्रिप्सन) भनेको मानव व्यवहार, क्रियाकलाप र सामाजिक घटनाहरूको गहिरो, सन्दर्भसहितको, पूर्ण र विस्तृत विवरण हो । मानवशास्त्री क्लिफोर्ड गीट्र्जले यस शब्दावलीको विकास गरेका हुन । यसले केवल तथ्य प्रस्तुत गर्ने (संक्षिप्त वर्णन) भन्दा अगाडि बढेर क्रियाकलापका लुकेका अर्थ, उद्देश्य र सांस्कृतिक सन्दर्भलाई व्याख्या गर्छ । यसबाट अनुसन्धानकर्ताले विशेष परिस्थितिमा कुनै पनि क्रियाकलाप किन घट्छ भन्ने बुझ्न सक्छन् ।

गुणात्मक अध्ययनमा वैद्यता स्थापित गर्ने अर्को उपाय अनुसन्धानको परिवेश, सहभागी व्यक्तिहरू र मुख्य विषयवस्तुहरूलाई विस्तृत र गहिरो वर्णन गर्नु पनि हो । डेन्जिन (१९८९) का अनुसार, “विस्तृत वर्णन गहिरो, सघन र विवरणपूर्ण हुन्छ । यसको विपरीत सक्षिप्त वर्णनमा विवरणको कमी हुन्छ र केवल तथ्य मात्र प्रस्तुत गरिन्छ” (पृ.८३) । विस्तृत वर्णनले पाठकमा यथार्थताको अनुभूति सिर्जना गर्छ, जसले गर्दा अध्ययनमा वर्णन गरिएका घटनाहरू आफूले प्रत्यक्ष अनुभव गरेको वा अनुभव गर्न सक्ने महसुस गराउँछ । यसरी पाठकले वर्णनात्मक विवरण पढ्दा आफूलाई त्यही परिवेश वा अवस्थाभित्र पुगेको महसुस गर्छ, र यही प्रक्रियाबाट अनुसन्धानको वैद्यता बलियो बनाइन्छ ।

अनुसन्धानकर्ताले अध्ययन गरेका व्यक्तिहरू वा स्थानहरूको सन्दर्भ राम्ररी बुझ्न निर्माणवादी दृष्टिकोण अपनाउँछन्, जसले घटनाहरूलाई सन्दर्भसँग जोडेर व्याख्या गर्न मद्दत गर्छ । विस्तृत वर्णन लेख्दा अनुसन्धानकर्ताले सकेसम्म धेरै विवरण प्रस्तुत गर्छ, जसमा स-साना अन्तरक्रिया, अनुभव वा क्रियाकलापको वर्णन, व्यक्तिहरूलाई विशेष परिस्थितिमा राखेर देखाउने, दुई वा बढी व्यक्तिहरूबीचको सम्बन्ध वा अन्तरक्रियालाई जीवन्त बनाउने, वा व्यक्तिहरूको भावनालाई स्पष्ट रूपमा प्रस्तुत गर्ने कुरा समावेश हुन्छ । यसरी तयार गरिएको सजीव र स्पष्ट विवरणले पाठकलाई अनुभव गराउँछ कि घटनाहरू वास्तविक छन् र अनुसन्धान वैद्य र विश्वसनीय छ । यसले पाठकलाई निष्कर्षहरू अन्य समान स्थान वा परिस्थितिमा लागू गर्न सकिन्छ कि सकिँदैन भन्ने निर्णय लिन पनि सहयोग पुऱ्याउँछ, जसले अनुसन्धानको प्रयोगिता र प्रासङ्गिकता बढाउँछ । तसर्थ सघन र विस्तृत वर्णनले अध्ययनको निष्कर्षहरू स्थानान्तरण गर्न सहयोग गर्दछ ।

## ***सहकर्मी समीक्षा (Peer Debriefing)***

गुणात्मक अनुसन्धानमा सहकर्मी समिक्षा भन्नाले अनुसन्धानको वैद्यता सुनिश्चित गर्ने अर्को महत्वपूर्ण तरिका हो, जसमा एक निष्पक्ष सहकर्मीले अनुसन्धानकर्ताको तथ्याङ्क, विधि र व्याख्याको समीक्षा वा समालोचनात्मक मूल्याङ्कन गर्छ, जसबाट अनुसन्धानकर्ताको पूर्वाग्रह कम गर्न सकिन्छ । यस प्रक्रियामा नियमित र गहिरो छलफल गरिन्छ, जसबाट सम्भावित गलत व्याख्याहरू पहिचान गर्न, लुकेका मान्यताहरू उजागर गर्न र अध्ययनको समग्र विश्वसनीयता बढाउन मद्दत मिल्छ । सहकर्मी समीक्षा अनुसन्धानको वैधता बढाउन परियोजनासँग कुनै व्यक्तिगत स्वार्थ नराख्ने एक वा बढी सहकर्मीसँग परामर्श गर्ने प्रक्रिया हो । यसमा योग्य र निष्पक्ष सहकर्मीलाई अनुसन्धानका अन्तर्वार्ताका अभिलेख, अनुसन्धान विधि र निष्कर्षहरूको समीक्षा तथा मूल्याङ्कन गर्न दिइन्छ । गुणात्मक अनुसन्धानकर्ताहरूले आफ्नो अनुसन्धान प्रक्रियालाई स्वतन्त्र र पूर्वाग्रह-रहित रूपमा जाँच गर्न तथा अनुसन्धानको वैद्यता र विश्वसनीयता स्थापित गर्न यो तरिका प्रयोग गर्छन् ।

सहकर्मी भन्नाले आफूसँगै काम गर्ने साथिलाई बुझिन्छ । शैक्षिक क्षेत्रको कुरा गर्दा एउटै शैक्षिक संस्थामा सँगसँगै शिक्षण गर्ने शिक्षकहरू सहकर्मी हुन सक्छन् । यसै गरी उनीहरू एक अर्काको अनुसन्धानमा सहकर्मी समिक्षक बन्न सक्छन् । तर सहकर्मी समीक्षक हुनका लागि सहकर्मीसँग समीक्षा गरिने विषयवस्तुको गहिरो ज्ञान र सीप हुन जरूरी हुन्छ । सहकर्मी समीक्षामा अनुसन्धान भइरहेको विषयसँग परिचित व्यक्तिले उक्त अध्ययनको तथ्याङ्क र अनुसन्धान प्रक्रियाको समीक्षा गर्ने कार्य गर्छ । सहकर्मी समीक्षकले चुनौतीपूर्ण दृष्टिकोण राख्छन्, अनुसन्धानकर्ताका पूर्वधारणाहरूलाई प्रश्न गर्छन्, पद्धतिगत रूपमा अनुसन्धानकर्तालाई अगाडि बढ्न प्रोत्साहित गर्छन्, विधि तथा व्याख्याबारे गम्भिर प्रश्न सोध्छन् र समर्थन पनि प्रदान गर्छन् (लिङ्कन र गुबा, १९८५) । बाह्य समीक्षक र गुणात्मक अनुसन्धानकर्ताबीचको नजिकको सहकार्यले समालोचनात्मक दृष्टिकोणलाई अझ सक्रिय बनाउँछ । यो प्रक्रिया सम्पूर्ण अध्ययनको शिलशिलामा समयसापेक्ष रूपमा प्रयोग गर्न सकेको खण्डमा धेरै नै प्रभावकारी हुन्छ । सहकर्मी समीक्षकहरूले अनुसन्धानकर्तालाई लिखित प्रतिक्रिया दिन सक्छन् वा विचारहरूको लागि विचार आदानप्रदानको माध्यमको रूपमा मात्र काम गर्न सक्छन् । सहकर्मी समीक्षकहरूको सहयोग खोजेर, अनुसन्धानकर्ताले अध्ययनमा विश्वसनीयता थप्छ ।

## निष्कर्ष

कुनै पनि गुणात्मक अनुसन्धानमा एक मात्र विधि, तरिका वा रणनीतिमा निर्भर हुनु हुँदैनन् । बरु यसको सट्टा विभिन्न वैधताका रणनीतिहरू प्रयोग गर्नु उपयुक्त हुन्छ । यसो गर्दा अनुसन्धानको नतिजा वैद्य र भरोसायोग्य हुन्छ । केही रणनीतिहरू सजिलै प्रयोग गर्न सकिन्छ, विशेष गरी ती रणनीतिहरू जो यस अध्ययनको सुरुदेखि नै अनुसन्धानको ढाँचामा समावेश भएका हुन्छन् । एउटै विषयलाई विभिन्न विधिबाट जाँच गर्ने रणनीति त्रिकोणीकरण, अध्ययन भइरहेको स्थानमा लामो समयसम्म अवलोकन गर्ने, र घटनाहरूलाई गहिरो तथा विस्तृत रूपमा वर्णन गर्ने जस्ता रणनीतिहरू सजिलै प्रयोग गर्न सकिन्छ । यस्ता उपायहरूले अध्ययनलाई अझ मजबुत र वैद्य बनाउँछन् ।

यदि अनुसन्धानकर्ताले औपचारिक लेखापरीक्षण गराउने वा सहकर्मीमार्फत समीक्षा गराउने निर्णय गर्छ भने, उसले आफ्नो पाठकवर्ग, त्यस्ता व्यक्तिहरूको उपलब्धता, र तिनीहरू प्रयोग गर्दा लाग्ने खर्चलाई समेत विचार गर्नु जरूरी हुन्छ । यसैगरी सदस्य जाँच पनि धेरै महत्वपूर्ण रणनीति हो । यसमा अनुसन्धानकर्ताले आफ्नो निष्कर्ष सहभागीहरूलाई प्रदान गरी उक्त निष्कर्षमा उनीहरूको विचार, भावना, अनुभव ठीक रूपमा उक्त निष्कर्षमा प्रस्तुत भएको छ कि छैन पुनः जाँच गर्न लगाउनु पर्छ । साथै, अनुसन्धानका सबै चरणहरूको अभिलेख राख्नु आवश्यक हुन्छ, ताकि अनुसन्धान कसरी गरिएको हो भन्ने कुरा स्पष्ट देखियोस् । जब अनुसन्धान विद्यार्थी वा शिक्षकहरूको समितिसामु प्रस्तुत गरिन्छ तब उनीहरूले कति गम्भिररूपमा प्रतिक्रिया जनाउँछन भन्ने कुरा हेर्नुपर्ने हुन्छ, यदि उनीहरूले विधि, प्रक्रिया र निष्कर्षमा प्रश्न उठाएमा सम्पूर्ण अभिलेख र लेखापरीक्षणको प्रमाण प्रस्तुत गर्नु सबैभन्दा उपयुक्त हुन्छ । यस कार्यले अनुसन्धानको विधि र प्रक्रियलाई व्यवस्थित, वैद्य र विश्वासयोग्य भएको प्रमाण दिन्छ ।

यस लेखमा नौवटा वैधता स्थापना गर्ने रणनीतिहरूको समीक्षा गर्दा, सबै तीन दृष्टिकोण (अर्थात् अनुसन्धानमा प्रयोग हुने मुख्य मापदण्ड) र आधारभूत दृष्टिकोण महत्वपूर्ण हुन्छन् । तर कुनै विशेष अध्ययनमा कुन दृष्टिकोणलाई बढी प्राथमिकता दिने भन्ने कुरा अध्ययनको ढाँचा, लक्षित पाठकवर्ग, र परियोजनाको मूल्याङ्कन गर्न उपलब्ध व्यक्तिहरूमा निर्भर हुन्छ । यसको अर्थ यो हो कि प्रत्येक अध्ययनको सन्दर्भ फरक हुन सक्छ, त्यसैले अध्ययनको ढाँचा, विश्लेषण र निष्कर्षको वैद्यता र विश्वसनीयता मूल्याङ्कन गर्दा फरक-फरक दृष्टिकोण र प्रक्रियाको प्रयोग हुन सक्छ। यद्यपि, सबै अवस्थामा अध्ययनको मुख्य दृष्टिकोण भनेको सहभागीहरूको अनुभव र दृष्टिकोणलाई प्राथमिकता दिनु हो । यसलाई आत्म-प्रतिबिम्बात्मक दृष्टिले हेर्न सकिन्छ, जसले अनुसन्धानकर्ताको भूमिका मात्र होइन, अनुसन्धान प्रक्रियासँगको सम्बन्धलाई पनि बुझ्न मद्दत गर्छ । सबैले स्वीकार गरेको कुरा के हो भने, अनुसन्धानकर्ता र अनुसन्धान प्रक्रिया अविभाज्य छन् । अध्ययनमा सहभागीहरूको अनुभव र अनुसन्धानकर्ताको भूमिका सँगसँगै विचार गर्दा मात्र गुणात्मक अनुसन्धानको वैद्यता, विश्वसनीयता र गहिराइ सुनिश्चित हुन्छ ।

गुणात्मक अनुसन्धानमा अनुसन्धानकर्ताको दृष्टिकोण र अध्ययनको वैद्यता कायम राख्ने तरिकालाई स्पष्ट पार्नु जरूरी हुन्छ । यसमा मुख्य रूपमा दुई कुरा स्पष्ट ध्यान दिनु पर्ने हुन्छः पहिलो, अनुसन्धानकर्ताले विधिगत प्रक्रियाहरूको प्रयोग गर्ने प्राथमिकता राख्नु पर्छ, र दोस्रो, समालोचनात्मक दृष्टिकोणसँग सहकार्यात्मक अभ्यासमा सङ्लग्न हुने कुरालाई पनि महत्व दिनु पर्ने हुन्छ । प्रणालीगत प्रक्रियाको प्रयोगसँग नजिक हुनुको अर्थ हो कि अनुसन्धानमा अति आवश्यक मापदण्ड अपनाउनु पर्ने हुन्छ र प्रत्येक कदम स्पष्ट रूपमा चिनिएको हुनुपर्छ । यसले अध्ययनलाई व्यवस्थित बनाउँछ भने अर्कोतिर निष्कर्षहरूको वैद्यता र विश्वसनीयतालाई सुदृढ बनाउँछ । उदाहरणका लागि, अनुसन्धानको प्रत्येक चरणमा स्पष्ट निर्देशनहरू र निश्चित प्रक्रियाहरूको पालनाले अध्ययनको परिणामलाई वैद्य र भरोसायोग्य बनाउँछ । यद्यपि, गुणात्मक अनुसन्धान केवल प्रणालीगत प्रक्रियामा मात्र निर्भर हुँदैन । यसले अनुसन्धान गरिएका व्यक्तिहरूसँगको सम्बन्ध र सामाजिक सन्दर्भलाई पनि महत्व दिन्छ । यस अर्थमा, समालोचनात्मक दृष्टिकोण प्रयोग गर्दा अनुसन्धानकर्ताले सहभागीहरूप्रति सम्मानजनक व्यवहार गर्नुपर्छ र सहकार्यात्मक अभ्यासमा पनि सङ्लग्न हुनुपर्छ, जसले सहभागीहरूको विचार, धारणा र अनुभवलाई सही र न्यायसङ्गत रूपमा प्रतिनिधित्व गर्न मद्दत गर्छ । गुणात्मक अध्ययनको सबैभन्दा महत्वपूर्ण पक्ष अनुसन्धानको निष्कर्षको वैद्यता नै हो । अनुसन्धानकर्ताले वैधता स्थापन गर्ने प्रक्रियाहरूको प्रयोग गर्दा केवल निश्चित विधिहरूमा सीमित रहनु हुँदैन, बरु अध्ययनमा प्रयोग भएको दृष्टिकोण र अनुसन्धानकर्ताहरूका आधारभूत मान्यताहरूलाई पनि विचार गर्नु आवश्यक हुन्छ । यी विधि र रणनीतिलाई उचित प्रयोग गर्न सकेको खण्डमा मात्र अनुसन्धानको विधि, प्रक्रिया र निष्कर्ष पाठकका लागि वैद्य, भरोसायोग्य र सुसङ्गत हुन सक्छ ।

## सन्दर्भसूची

अल्थाइड, डी. एल., र जोनसन, जे. एम. (१९९४), क्राइटेरिया फर असेसिङ इन्टरप्रेटिभ भ्यालिडिटी इन क्वालिटेटिभ रिसर्च, इन एन. के. डेन्जिन र वाइ. एस. लिङ्कन (सम्पा.), *ह्यान्डबुक अफ क्वालिटेटिभ रिसर्च* (पृ.४८५-४९९), सेज ।

एरलान्डसन, डी. ए. (१९९३), *डुइङ नेचुरालिस्टिक इन्क्वायरीः अ गाइड टु मेथड्स,* सेज ।

क्याम्पबेल, डी. टी., र स्ट्यान्ली, जे. सी. (१९६६), एक्सपेरिमेन्टल एन्ड क्वासी-एक्सपेरिमेन्टल डिजाइनस् फर रिसर्च, इन एन. एल. गेज (सम्पा.), *ह्यान्डबुक अफ रिसर्च अन टिचिङ* (पृ.१-७६), र्‍यान्ड-म्याक्नाली ।

कार्स्पेकेन, पी. एफ. (१९९६), *क्रिटिकल एथ्नोग्राफी इन एजुकेशनल रिसर्चः अ थियोरेटिकल एन्ड प्र्याक्टिकल गाइड,* न्युयोर्कः रूटलेज ।

क्रेसवेल, जे. डब्ल्यु. (१९९८), *क्वालिटेटिभ इन्क्वायरी एन्ड रिसर्च डिजाइनः चूजिङ अमङ फाइभ ट्रेडिसन्स,* सेज पब्लिकेसन ।

क्रेसवेल, जे. डब्ल्यु., र बाएज, जे. सी. (२०२०), *थर्टी एसेन्सियल स्किल्स फर द क्वालिटेटिभ रिसर्चर,* सेज पब्लिकेशन्स ।

गुबा, ई. जी., र लिङ्कन, वाइ. एस. (१९९४), कम्पिटिङ प्याराडाइम्स इन क्वालिटेटिभ रिसर्च, इन एन. के. डेन्जिन र वाइ. एस. लिङ्कन (सम्पा.), *ह्यान्डबुक अफ क्वालिटेटिभ रिसर्च* (पृ. १०५-११७), सेज ।

जिक, टी. डी. (१९७९), मिक्सिङ क्वालिटेटिभ एन्ड क्वान्टिटेटिभ मेथड्सः ट्राङगुलेसन इन एक्शन, *एड्मिनिस्ट्रेटिभ साइन्स क्वार्टरली, २४,* ६०२-६११ ।

जेभन्स, डब्ल्यु. एस. (१८९१), *एलिमेन्टरी लेसन्स इन लोजिकः डिडक्टिभ एन्ड इन्डक्टिभ,* म्याक्मिलन एन्ड कम्पनी।

डनमोयर, आर. (१९९६), एजुकेशनल रिसर्च इन एन एरा अफ प्याराडाइम प्रोलीफेरेसनः व्हाट्स अ जर्नल एडिटर टु डु? *एजुकेशनल रिसर्चर, २५*(२), १९-२५ ।

डेन्जिन, एन. के. (१९७८), *द रिसर्च एक्टः अ थियोरेटिकल ओरिएन्टेशन टु सोसियोलोजिकल मेथड्स,* म्याकग्रो-हिल ।

डेन्जिन, एन. के. (१९८९), *इन्टरप्रेटिभ इन्टरएक्सनिज्म,* न्युबरी पार्क, क्यालिफोर्नियाः सेज ।

डेन्जिन, एन. के., र लिङ्कन, वाइ. एस. (१९९४), इन्ट्रोडक्सनः इन्टरिङ द फिल्ड अफ क्वालिटेटिभ रिसर्च, इन एन. के. डेन्जिन र वाइ. एस. लिङ्कन (सम्पा.), *ह्यान्डबुक अफ क्वालिटेटिभ रिसर्च* (पृ.१-१७), सेज ।

प्याटन, एम. क्यु. (१९८०), *क्वालिटेटिभ इभ्यालुएसन मेथड्स,* सेज ।

फेटरम्यान, डी. एम. (१९८९), *एथ्नोग्राफीः स्टेप बाइ स्टेप (एप्लाइड सोशल रिसर्च मेथड्स सिरिज, नं. १७),* सेज ।

म्याक्सवेल, जे. ए. (१९९२), अन्डरस्ट्यान्डिङ एन्ड भ्यालिडिटी इन क्वालिटेटिभ रिसर्च, *हार्वर्ड एजुकेशनल रिभ्यु, ६२,* २७९-३०० ।

म्याक्सवेल, जे. ए. (१९९६), *क्वालिटेटिभ रिसर्च डिजाइनः एन इन्टरएक्टिभ अप्रोच,* थाउजन्ड ओक्स, सेज ।

मेरियम, एस. बी. (१९९८), *क्वालिटेटिभ रिसर्च एन्ड केस स्टडी एप्लिकेशन्स इन एजुकेशन,* जोसी-बास ।

मेरियम, एस. बी. (२००९), *क्वालिटेटिभ रिसर्चः अ गाइड टु डिजाइन एन्ड इम्प्लिमेन्टेशन,* जोसी-बास ।

माइल्स, एम. बी., र ह्युबरम्यान, ए. एम. (१९९४), *क्वालिटेटिभ डाटा एनालिसिसः एन एक्स्प्यान्डेड सोर्सबुक,* सेज ।

मिलर, डी. एल., क्रेसवेल, जे. डब्ल्यु., र ओल्यान्डर, एल. एस. (१९९८), राइटिङ एन्ड रिटेलिङ मल्टिपल एथ्नोग्राफिक टेल्स अफ अ सुप किचन फर द होमलेस, *क्वालिटेटिभ इन्क्वायरी, ४,* ४६९-४९१ ।

लाथर, पी. (१९९३), फर्टाइल अब्सेसनः भ्यालिडिटी आफ्टर पोस्टस्ट्रक्चरलिज्म, *द सोसियोलोजिकल क्वार्टरली, ३४,* ६७३-६९३ ।

लिङ्कन, वाइ. एस., र गुबा, ई. जी. (१९८५), *नेचुरालिस्टिक इन्क्वायरी,* सेज ।

ऱ्याटक्लिफ, जे. डब्ल्यु. (१९८३), नोशन्स अफ भ्यालिडिटी इन क्वालिटेटिभ रिसर्च मेथडोलोजी, *नलेजः क्रिएशन, डिफ्युजन, युटिलाइजेशन, ५*(२), १४७-१६७ ।

रिचर्डसन, एल. (१९९४), राइटिङः अ मेथड अफ इन्क्वायरी, इन एन. के. डेन्जिन र वाइ. एस. लिङ्कन (सम्पा.), *ह्यान्डबुक अफ क्वालिटेटिभ रिसर्च* (पृ.५१६-५२९), सेज ।

स्पाङ्गलर, एम. एम. (१९९८), *एरिस्टोटल अन टिचिङ,* युनिभर्सिटी प्रेस अफ अमेरिका ।

श्वान्ट, टी. ए. (१९९७), *क्वालिटेटिभ इन्क्वायरीः अ डिक्सनरी अफ टर्म्स,* सेज ।

श्वान्ट, टी. ए., र हेल्पर्न, ई. एस. (१९८८), *लिङ्किङ अडिटिङ एन्ड मेटा-इभ्यालुएसनः एन्हान्सिङ क्वालिटी इन एप्लाइड रिसर्च,* सेज ।

ह्यामर्स्ली, एम., र एट्किन्सन, पी. (१९८३), *एथ्नोग्राफीः प्रिन्सिपल्स इन प्राक्टिस,* ट्याविस्टक ।


...